त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

# संस्कृत विषयक

चार वर्षे स्नातक तह (बी.ए.)को

# पाठ्यक्रम

२०७६

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

# चार वर्षे स्नातक तह (बी.ए.)

# संस्कृत विषयको पाठ्यक्रम २०७६

## पाठ्यक्रमको परिचय

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत चार वर्षे स्नातक तहमा पढाइ हुने दुई मूल (Major) विषयमध्ये एउटा मूल विषयका रूपमा विश्वविद्यालयको नियमानुसार संस्कृत विषय अध्ययन गर्न पाइन्छ । यस अन्तर्गत विद्यार्थीले पहिलो, दोस्रो र चौथो वर्षमा दुई-दुई पत्र र तेस्रो वर्षमा एक पत्र गरी जम्मा सात पत्र अध्ययन गर्नुपर्दछ । तेस्रो वर्षमा दुई पत्र चयनात्मक (Elective) हुन्छन् । संस्कृत मूल विषय लिनेले अन्य विषयबाट यी पत्रको छनौट गरी अध्ययन गर्नुपर्दछ भने संस्कृत विषयअन्तर्गत Skt. E - 410 सङ्केताङ्क भएको पत्र अन्य विषयका विद्यार्थीहरूका लागि हो ।

**कार्यक्रम अवधि** चार वर्ष

**कार्यक्रम पद्धति** वार्षिक

## पाठ्यक्रमको उद्देश्य

- संस्कृत भाषामा पढ्न, बुझ्न, लेख्न र बोल्न सक्ने क्षमताको विकास,
- विद्यार्थीमा रचनात्मक र क्रियात्मक ऊर्जाको अभिवृद्धि,
- संस्कृतका माध्यमले विश्वसमुदायमा आत्मविश्वासयुक्त सक्षम व्यक्तित्वको स्थापन,
- नैतिक मूल्य र सामाजिक चेतना सहित राष्ट्रियताको भावले परिपूर्ण जनशक्ति निर्माण,
- समाजमा मानवीय मर्यादा र चेतनायुक्त जनशक्तिको प्रवर्धन,
- संस्कृत वाङ्मयका विभिन्न कालका प्रवृत्ति, भाषा, शैली, भाव आदिको ज्ञान,
- आधुनिक वैश्विक परिवेशमा संस्कृत भाषाको महत्त्व र आवश्यकताको प्रतिस्थापन,
- संस्कृत विषयमा स्नातकोत्तर स्तरमा अध्ययनार्थ योग्य जनशक्तिको समुत्पादन ।

## परीक्षाको स्वरूप र विधि

- प्रत्येक पत्र १०० पूर्णाङ्कको हुन्छ ।
- उक्त १०० पूर्णाङ्क मध्ये ७० अङ्कको बाह्यपरीक्षा हुन्छ भने ३० पूर्णाङ्कको आन्तरिक मूल्याङ्कन गरिन्छ ।
- आन्तरिक मूल्याङ्कन अन्तर्गतको ३० पूर्णाङ्कमध्ये कक्षामा उपस्थिति ५ अङ्क, गृहकार्य ५ अङ्क, विद्यार्थी सम्मेलन र/वा कक्षागत प्रस्तुति ५ अङ्क तथा आन्तरिक लिखित परीक्षा १५ अङ्कको हुन्छ । आन्तरिक लिखित परीक्षा यथासम्भव बाह्यपरीक्षाको ढाँचा र पूर्णाङ्कमा लिई १५ अङ्कमा प्रतिस्थापित गरिन्छ ।

परीक्षा नियन्त्रकको कार्यालय

संस्कृत केन्द्रीय विभाग

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

## पाठ्यक्रमको संरचना

- स्नातक तहमा संस्कृत मूल विषय ७०० पूर्णाङ्कको र अतिरिक्त (Elective) १०० पूर्णाङ्कको गरी जम्मा आठ पत्रको रहेको छ ।
- विद्यार्थीले अतिरिक्त (Elective) पत्रको पाठ्यांश संस्कृत बाहेक अन्य कुनै विषयबाट चयन गर्नुपर्दछ ।
- संस्कृत मूल विषयअन्तर्गत पहिलो, दोस्रो र चौथो वर्षमा दुई-दुई पत्र गरी जम्मा छ पत्र अनिवार्य पाठ्यांशका रूपमा रहेका छन् ।
- संस्कृत मूल विषयअन्तर्गतको तेस्रो वर्षको एक पत्र सङ्केताङ्क (Skt.S - 425) का लागि निर्धारित चार पाठ्यांश मध्ये विद्यार्थीले कुनै एक रोज्नुपर्दछ ।
- संस्कृत मूल विषयअन्तर्गतको तेस्रो पत्रको अर्को पत्रको पाठ्यांश सङ्केताङ्क (Skt.C - 410) विद्यार्थीले अन्य कुनै विषयबाट लिनुपर्दछ ।
- अनिवार्य शीर्षकमध्ये नै चौथो वर्षको (मूलविषय ७/सङ्केताङ्क (Skt.C- 427) को शोधविधि/कृतिलेखन अन्तर्गत ३० पूर्णाङ्कको शोधविधि सम्बन्धी लिखित परीक्षा हुन्छ भने ७० पूर्णाङ्कका लागि अनुसन्धानपत्र वा सृजनात्मक लेखन सम्बद्ध निर्धारित विषयमध्ये एक चयन गर्नुपर्दछ ।

## पाठ्यक्रमको विवरण

### प्रथम वर्ष

| क्र.सं | सङ्केताङ्क | पत्रशीर्षक | बाह्यपरीक्षा | आन्तरिक परीक्षा | पाठनसमय | विशेष |
|---|---|---|---|---|---|---|
| १. | Skt.C - 421 | संस्कृत वाङ्मयको समालोचनात्मक अध्ययन | ७० | ३० | १५० घं. | |
| २. | Skt.C - 422 | संस्कृत व्याकरण एवं रचना | ७० | ३० | १५० घं. | |

### द्वितीय वर्ष

| क्र.सं. | सङ्केताङ्क | पत्रशीर्षक | बाह्यपरीक्षा | आन्तरिक परीक्षा | पाठनसमय | विशेष |
|---|---|---|---|---|---|---|
| १. | Skt.C - 423 | संस्कृत साहित्य (पद्यकाव्य) | ७० | ३० | १५० घं. | |
| २. | Skt.C - 424 | संस्कृत साहित्य (गद्यकाव्य एवं नाटक) | ७० | ३० | १५० घं. | |

## तृतीय वर्ष

| क्र.सं. | सङ्केताङ्क | पत्रशीर्षक | बाह्यपरीक्षा | आन्तरिक परीक्षा | पाठनसमय | विशेष |
|---|---|---|---|---|---|---|
| १. | Skt.C - 425 | ऐच्छिक अध्ययन (निम्नलिखितमध्ये कुनै एक लिनुपर्ने) | ७० | ३० | १५० घं. | |
| | Skt.S - $425_A$ | वैदिक अध्ययन | | | | |
| | Skt.S - $425_B$ | दर्शनशास्त्र | | | | |
| | Skt.S - $425_C$ | काव्यशास्त्र | | | | |
| | Skt.S - $425_D$ | धर्मशास्त्र र नीतिशास्त्र | | | | |
| २. | Skt.E - 410 | श्रीमद्भगवद्गीतामा स्वव्यवस्थापन | ७० | ३० | १५० घं. | |

## चतुर्थ वर्ष

| क्र.सं. | सङ्केताङ्क | पत्रशीर्षक | बाह्यपरीक्षा | आन्तरिक परीक्षा | पाठनसमय | विशेष |
|---|---|---|---|---|---|---|
| १. | Skt.C - 426 | नेपालको संस्कृत साहित्य | ७० | ३० | १५० घं. | |
| २. | Skt.C - 427 | शोधविधि एवं कृतिलेखन | | १०० | | |
| | Skt.C - $427_A$ | शोधविधि | | ३० | ४५ घं. | |
| | Skt.C - $427_B$ | निम्नलिखित मध्ये कुनै एक | | ७० | | |
| | Skt.C - $427_{B1}$ | लघुशोधप्रबन्ध | | | | |
| | Skt.C - $427_{B2}$ | कवितासङ्ग्रहलेखन | | | | |
| | Skt.C - $427_{B3}$ | कथासङ्ग्रहलेखन | | | | |
| | Skt.C - $427_{B4}$ | अनुवाद | | | | |

# पाठ्यक्रमको विस्तृत विवरण

## प्रथम वर्ष, प्रथम पत्र

**विषयसङ्केत (Code) : Skt.C- 421**

**पाठ्यांशशीर्षक (Course Title) : संस्कृत वाङ्मयको समालोचनात्मक अध्ययन**

पाठघण्टा १५०

पूर्णाङ्क १००

(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)

उत्तीर्णाङ्क ४०

## पाठ्यांशको उद्देश्य

- वैदिक वाङ्मय, आर्षकाव्य, पुराण, लौकिक साहित्य एवं अन्यान्य शास्त्रहरूको उत्पत्ति र विकासका साथै तिनमा निबद्ध ज्ञानको परिचयद्वारा तिनको गहन अध्ययनतिर उत्प्रेरित गर्नु,
- आधुनिक ज्ञानविज्ञानका परिप्रेक्ष्यमा ज्ञान, विज्ञान र मानवीय चेतनाको अभिवृद्धिमा समृद्ध संस्कृत वाङ्मयको अवदानको परिचय गराउनु,
- आधुनिक समाजका सन्दर्भमा संस्कृतभाषामा रहेका शास्त्रीय परम्पराको ज्ञानद्वारा सचेतना प्रवर्धन गर्नु,
- संस्कृत वाङ्मयका विशालताको दिग्दर्शनद्वारा संस्कृतका माध्यमले जीवन र जगत्लाई हेर्ने दृष्टिकोण निर्माणमा सक्षम बनाउनु र
- संस्कृत भाषामा रहेका शास्त्र र काव्यको अध्ययनतिर अभिरुचि सृजना गर्नु ।

## पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | **वैदिक वाङ्मय** (वेद, ब्राह्मण, आरण्यक, उपनिषद) | २० | ३० | |
| २. | वेदाङ्ग तथा दर्शनशास्त्र | १० | १५ | |
| ३. | रामायण | १० | १५ | |
| ४. | महाभारत | १० | १५ | |
| ५. | पुराणहरू | १० | १५ | |
| ६. | श्रव्यदृश्यकाव्यहरू | १० | १५ | |
| ७. | संस्कृत काव्यशास्त्र | २० | ३० | |

## शिक्षण विवरण

**एकाइ १ : वैदिक वाङ्मय** (वेद, ब्राह्मण, आरण्यक, उपनिषद्) **पूर्णाङ्क २० पा.घ. ३०**

- वेद शब्दार्थ, वेदसंहिताको सङ्ख्या, नाम, शाखाहरू, मन्त्रसङ्ख्या, प्रमुख ऋषि, देवता, छन्दका साथै वैदिक ज्ञानको सूक्ष्मता र गहनताको निदर्शनात्मक जानकारी,
- वेदोत्पत्ति सन्दर्भ, वेदमा धर्म र दर्शन सम्बन्धी बीजतत्त्वको निदर्शनात्मक परिचय,
- ब्राह्मणग्रन्थहरूको रचनाकाल, सङ्ख्या, वर्ण्यविषय, वेदार्थज्ञानमा ब्राह्मणग्रन्थहरूको उपयोगिता, वेद र ब्राह्मण ग्रन्थहरूको पारस्परिक सम्बन्ध,
- आरण्यक ग्रन्थहरूको सामान्य परिचय, ब्राह्मणग्रन्थ र आरण्यक ग्रन्थका विषयभिन्नत्व,
- उपनिषद् शब्दार्थ, उपनिषद्हरूको सङ्ख्या, विषय, वैशिष्ट्य, आरण्यक ग्रन्थ र उपनिषद्को विषयभिन्नत्व ।

**एकाइ २ : वेदाङ्ग तथा दर्शनशास्त्र** **पूर्णाङ्क १० पा.घ. १५**

- वेदाङ्गको सङ्ख्या, नाम र तिनका विषयको सङ्क्षिप्त परिचय, वेदाङ्गको शास्त्रत्व,
- वेदको अर्थज्ञानमा वेदाङ्गहरूको भूमिकाको सोदाहरण ज्ञान,
- दर्शन शब्दको अर्थ, षड्दर्शन परिचय, षड्दर्शनको वेदमूलकता, षड्दर्शनको विषय पार्थक्य,
- वैदिकेतर दर्शनहरूको ऐतिहासिक परिचय, वैशिष्ट्य, वैदिकी दृष्टिकोण प्रति प्रतिक्रियात्व,
- उपनिषद् शब्दार्थ, उपनिषद्हरूको सङ्ख्या, विषय, वैशिष्ट्य, आरण्यक ग्रन्थ र उपनिषद्को विषयभिन्नत्व ।

**एकाइ ३ : रामायण** **पूर्णाङ्क १० पा.घ. १५**

- रामायणको काल, विषयवस्तु, यसको आदिकाव्यता,
- परवर्ती साहित्य/काव्यको स्रोतका रूपमा रामायणको महत्त्व,
- रामायणको सांस्कृतिक महत्त्व,
- साहित्य र समाजमा रामायणको प्रभावको समीक्षा ।

**एकाइ ४ : महाभारत** **पूर्णाङ्क १० पा.घ. १५**

- महाभारतको सामान्य परिचय, कालनिर्धारण, आकार, विषयवस्तु विभाजन,
- परवर्ती साहित्य/काव्यको स्रोतका रूपमा महाभारतको महत्त्व,
- ज्ञानभण्डारका रूपमा महाभारतको वैशिष्ट्य,
- साहित्य र समाजमा महाभारतको प्रभावको समीक्षा,
- श्रीमद्भगवद्गीताको परिचय, महत्त्व, वैशिष्ट्य, गीताको स्वतन्त्र ग्रन्थत्व ।

**एकाइ ५ : पुराणहरू** **पूर्णाङ्क १० पा.घ. १५**

- पुराणहरूको सङ्ख्या, रचनाकाल, वैशिष्ट्य,
- विभिन्न पुराणहरूका विषय/कथानकको सर्वेक्षण तथा तिनमा परस्पर संगताभास विरोधाभास,
- पुराणहरूमा श्रीमद्भागवत महापुराणको स्थान तथा यसको वैशिष्ट्य,
- साहित्य र समाजमा पुराणहरूको प्रभावको समीक्षा ।

परिषद्को कार्यालय

**एकाइ ६ : श्रव्यदृश्यकाव्यहरू** **पूर्णाङ्क २०** **पा.घ. ३०**

- संस्कृत महाकाव्य, खण्डकाव्य, मुक्तक र चम्पूकाव्यको सामान्य परिचय र विकासक्रम,
- संस्कृत गद्यकाव्य परम्पराको परिचय, कथा र आख्यायिकामा भेद,
- संस्कृत गीतिकाव्य परम्पराको सङ्क्षिप्त परिचय,
- नीतिकाव्य र उपदेशात्मक कथा (हितोपदेश, पञ्चतन्त्र आदि)का विषयवस्तुको परिचयात्मक ज्ञान,
- संस्कृत साहित्यमा नीतिशास्त्र, धर्मशास्त्र र अर्थशास्त्रहरूको स्थान, नीति, धर्म र अर्थशास्त्र सम्बन्धी प्रमुख रचनाहरूको विगहावलोकनात्मक परिचय,
- संस्कृत नाट्यपरम्पराको परिचयात्मक ज्ञान,
- संस्कृतका प्रमुख कवि/साहित्यकारहरूको सङ्क्षिप्त परिचय ।

**एकाइ ७ : संस्कृत काव्यशास्त्र** **पूर्णाङ्क २०** **पा.घ. ३०**

- संस्कृतका प्रमुख काव्यशास्त्रीहरू र तिनका ग्रन्थहरूको सङ्क्षिप्त परिचय :
  भरत, भामह, दण्डी, वामन, आनन्दवर्धन, क्षेमेन्द्र, कुन्तक, भोज, मम्मट, विश्वनाथ, जगन्नाथ,
- विभिन्न काव्यशास्त्रीय सम्प्रदायहरूका प्रवृत्तिको सङ्क्षिप्त जानकारी :
  रससम्प्रदाय, अलङ्कारसम्प्रदाय, रीतिसम्प्रदाय, वक्रोक्तिसम्प्रदाय, ध्वनिसम्प्रदाय, औचित्यसम्प्रदाय,
- काव्यात्मा सम्बन्धी विभिन्न सम्प्रदायहरूका आलोकमा मम्मटको स्थान र दृष्टिकोण,
- काव्यपरिभाषा, काव्यप्रयोजन र काव्यहेतुका सम्बन्धमा प्रमुख मतहरूको परिचयात्मक ज्ञान,
- रस, ध्वनि, अलङ्कार, रीति, गुण, दोष, औचित्य सम्बन्धी सामान्य ज्ञान,
- शब्दशक्ति र शब्दार्थसम्बन्ध सम्बन्धी ज्ञान ।

## अनुशंसित ग्रन्थ


१. सुवेदी, हंसपुरे, <u>संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन</u>, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., वि. सं. २०३७

२. पण्डित भगवद्दत्त, <u>वैदिक वाङ्मयका इतिहास</u>, रामलाल कपूर ट्रस्ट, अमृतसर, वि. सं. २०१३.

३. त्रिवेदी, पं. रामगोविन्द, <u>वैदिक साहित्य</u>, भारतीय ज्ञानपीठ, काशी, १९५० ई.

४. उपाध्याय, बलदेव, <u>वैदिक साहित्य और संस्कृति</u>, शारदा संस्थान, वाराणसी, २०१० ई.

५. डा. कर्णसिंह, <u>वैदिक साहित्यका इतिहास</u>, साहित्य भण्डार, सुभाष बजार, मेरठ, १९८६-८७ ई.

६. उपाध्याय, बलदेव, <u>संस्कृत साहित्यका इतिहास</u>, शारदा संस्थान, वाराणसी

७. उपाध्याय, रामजी, <u>संस्कृत साहित्यका आलोचनात्मक इतिहास</u>, चौखम्बा विद्याभवन, वाराणसी

८. त्रिपाठी, डा. रामसागर, <u>संस्कृत साहित्य का इतिहास</u>, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९९१ ई.

९. शर्मा, सोमनाथ, <u>साहित्यप्रदीप</u>, साझा प्रकाशन, काठमाडौं

१०. उपाध्याय, डा. केशवप्रसाद, <u>पूर्वीय साहित्यसिद्धान्त</u>, साझा प्रकाशन, काठमाडौं, २०४८

११. अधिकारी, हेमाङ्गराज, <u>पूर्वीय समालोचना सिद्धान्त</u>, साझा प्रकाशन, काठमाडौं ।


•••

## प्रथम वर्ष, द्वितीय पत्र

**विषयसङ्केत (Code) : Skt.C- 422**

**पाठ्यांशशीर्षक (Course Title) : संस्कृत व्याकरण एवं रचना**

पाठघण्टा १५०
पूर्णाङ्क १००
(आन्तरिक परीक्षणाङ्क ३० बाह्यपरीक्षणाङ्क ७०)
उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- विद्यार्थीलाई शुद्ध संस्कृत बोल्न र लेख्न सक्षम बनाउनु,
- संस्कृत वाङ्मयका शब्दहरूको संश्लेषण, विश्लेषण र अर्थबोध क्षमताको विकास गराउनु,
- संस्कृत व्याकरणका आधारभूत तत्त्वहरूको ज्ञान गराउनु र
- संस्कृत भाषाका ध्वनि, पद, वाक्य आदिका निर्माण र प्रयोगपद्धतिको परिचय गराउनु ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | संज्ञा एवं सन्धि | २० | ३० | |
| २. | सुबन्त प्रकरण | १० | १५ | |
| ३. | तिङन्त प्रकरण | १० | १५ | |
| ४. | कृत्/तद्धित प्रकरण | १० | १५ | |
| ५. | कारक प्रकरण | १० | १५ | |
| ६. | समास प्रकरण | १० | १५ | |
| ७. | वाच्य/वाच्यपरिवर्तन | १० | १५ | |
| ८. | अनुवाद | १० | १५ | |
| ९. | निबन्ध/अनुच्छेद/कथालेखन | १० | १५ | |

### शिक्षण विवरण

**एकाइ १ : संज्ञा एवं सन्धि** **पूर्णाङ्क २० पा.घ. ३०**

**लघुसिद्धान्त कौमुदीबाट सम्बद्ध विषयवस्तुको ज्ञान :**

- माहेश्वरसूत्र एवं तीबाट प्रत्याहार बनाउने प्रक्रिया,
- 'इत्, लोप, अनुनासिक, सवर्ण, संहिता, संयोग, पद, प्रातिपदिक, सर्वनाम, टि, घि, भ, अङ्ग, विभक्ति' संज्ञाविधायक सूत्रहरूको सोदाहरण अर्थज्ञान,
- 'यण्, अयादि, गुण, वृद्धि, दीर्घ, श्चुत्व, ष्टुत्व, अनुस्वार, परसवर्ण, छत्व, रुत्व, विसर्ग, उत्व' सन्धिविधायक सूत्रहरूको सोदाहरण अर्थज्ञान ।

## एकाइ २ : सुबन्त प्रकरण 　　　　　　　　　　　　पूर्णाङ्क १० 　पा.घ. १५

- निम्नलिखित शब्दहरूको रूपसिद्धि प्रक्रियाको ज्ञान :
  राम, सर्व, हरि, शम्भु, रमा, फल, वारि, मधु, किम्, भवत्, विद्वस्, अस्मद्, वाच्, मनस्
- निम्नलिखित शब्दहरूको रूपावलीको ज्ञान :
  सखि, गौरी, राजन्, युष्मद्, अन्य, तद्, यद्, एक, द्वि, गो, मातृ, ज्ञान, इदम्, एतद्, युवन्, उपानह्, धनुष्, पयस्'

## एकाइ ३ : तिङन्त प्रकरण 　　　　　　　　　　　　पूर्णाङ्क १० 　पा.घ. १५

- 'भू, एध्, कृ, चुर्' धातुको लट्, लोट्, लृट्, लङ् र विधिलिङ् लकारमा रूपसिद्धि प्रक्रियाको ज्ञान,
- निम्न निर्धारित धातुहरूको लट्, लोट्, लृट्, लङ् र विधिलिङ् लकारका रूपहरूको ज्ञान :
  वद्, शुच्, अर्च, गम्, पा, श्रु, भृज्, हन्, विद्, अस्, भी, नृत्, चिञ्, कृष्, ईष्, प्रच्छ, भुज्, कृ, क्रीञ्, ग्रह, चुर् ।

## एकाइ ४ : कृत्/तद्धित प्रकरण 　　　　　　　　　　　　पूर्णाङ्क १० 　पा.घ. १५

**निम्नलिखित प्रत्ययविधायक सूत्रहरूको अर्थ तथा शब्दसिद्धिको ज्ञान :**

- तव्यत्, तव्य, अनीयर, तुमुन्, अच्, यत्, ण्यत्, ण्वुल्, तृच्, क, अण्, क्त्वा, ल्यप्, क्त, क्तवतु, शतृ, शानच् ।
- मतुप्, णिनि, ठक्, त्व, तल्, ढक्, अण् (अपत्यार्थे), इञ् ।

## एकाइ ५ : कारक प्रकरण 　　　　　　　　　　　　पूर्णाङ्क १० 　पा.घ. १५

**निम्नलिखित सूत्रहरूको सोदाहरण अर्थज्ञान :**

१. प्रातिपदिकार्थलिङ्गपरिमाणवचनमात्रे प्रथमा, २. सम्बोधने च, ३. कर्तुरीप्सिततमं कर्म, ४. कर्मणि द्वितीया, ५. साधकतमं करणम्, ६. कर्तृकरणयोस्तृतीया, ७. कर्मणा यमभिप्रैति स सम्प्रदानम्, ८. चतुर्थी सम्प्रदाने, ९. नमःस्वस्तिस्वाहास्वधाऽलवषड्योगाच्च, १०. ध्रुवमपायेऽपादानम्, ११. अपादाने पञ्चमी, १२. षष्ठी शेषे, १३. आधारोऽधिकरणम्, १४. सप्तम्यधिकरणे च ।

## एकाइ ६ : समास प्रकरण 　　　　　　　　　　　　पूर्णाङ्क १० 　पा.घ. १५

**निम्नलिखित सूत्रहरूको सोदाहरण अर्थज्ञान :**

१. अव्ययं विभक्तिसमीपसमृद्धिवृद्ध्यर्थाभावात्ययासम्प्रतिशब्दप्रादुर्भावपश्चाद्यथानुपूर्व्ययौगपद्यसादृश्य-सम्पत्तिसाकल्यान्तवचनेषु, २. नदीभिश्च, ३. द्वितीया श्रितातीतपतितगतात्यस्तप्राप्तापन्नैः, ४. कर्तृकरणे कृता बहुलम्, ५. चतुर्थी तदर्थार्थबलिहितसुखरक्षितैः, ६. पञ्चमी भयेन, ७. षष्ठी, ८. सप्तमी शौण्डैः, ९. तत्पुरुषः समानाधिकरणः कर्मधारयः, १०. सङ्ख्यापूर्वो द्विगुः, ११. द्विगुरेकवचनम्, १२. स नपुंसकम्, १३. विशेषणं विशेष्येण बहुलम्, १४. उपमानानि सामान्यवचनैः, १५. नञ्, १६. नलोपो नञः, १७. अनेकमन्यपदार्थे, १८. सप्तमीविशेषणे बहुव्रीहौ, १९. हलन्तात्सप्तम्याः संज्ञायाम्, २०. चार्थे द्वन्द्वः, २१. द्वन्द्वे घि, २२. अल्पाच्तरम्, २३. पिता मात्रा ।

**एकाइ ७ : वाच्य/वाच्यपरिवर्तन** **पूर्णाङ्क १० पा.घ. १५**

- वाच्यको परिचय र भेदज्ञान,
- तिङन्त र कृदन्त प्रत्यय भएका विभिन्न वाच्यमा वाक्य निर्माणको अभ्यास
(तिङन्त कर्तृवाच्य, कृदन्त कर्तृवाच्य, तिङन्त कर्मवाच्य, कृदन्त कर्मवाच्य, तिङन्त भाववाच्य, कृदन्त भाववाच्य)
- वाच्यपरिवर्तन : कर्तृवाच्यबाट कर्मवाच्यमा, कर्तृवाच्यबाट भाववाच्यमा, कर्मवाच्यबाट कर्तृवाच्यमा, भाववाच्यबाट कर्तृवाच्यमा

**एकाइ ८ : अनुवाद** **पूर्णाङ्क १० पा.घ. १५**

नेपाली भाषाका सानासाना वाक्यलाई सरल संस्कृत भाषामा अनुवादको अभ्यास

**एकाइ ९: निबन्ध/अनुच्छेद/कथालेखन** **पूर्णाङ्क १० पा.घ. १५**

सानासाना सरल वाक्यमा कुनै विषयमा केन्द्रित भई लगभग २०-२५ वाक्यमा लघुनिबन्ध, अनुच्छेद वा लघुकथा लेख्ने अभ्यास ।

## पाठ्य ग्रन्थ

वरदराजाचार्य, **लघुसिद्धान्त कौमुदी** (निर्धारित अंश मात्र)

## अनुशंसित ग्रन्थ


१. मीमांसक, युधिष्ठिर, **संस्कृत व्याकरणशास्त्रका इतिहास**, रामलाल कपूर ट्रस्ट, अमृतसर, वि. सं. २०१३.

२. झा, हरिमोहन, **संस्कृत अनुवाद चन्द्रिका**, चौखम्बा विद्याभवन, वाराणसी

३. द्विवेदी, कपिलदेव, रचनानुवाद कौमुदी, विश्वविद्यालय प्रकाशन, वाराणसी

४. मिश्र, जयमन्त, **संस्कृत व्याकरणोदय**, चौखम्बा विद्याभवन, वाराणसी ।

५. वर्मा, डा. सत्यकाम, **संस्कृत व्याकरण का उद्भव और विकास**, मोतीलाल बनारसीदास, दिल्ली

६. मुसलगाँवकर, डा. राजेश्वर शास्त्री, **शब्दधातुचन्द्रिका**, चौखम्बा संस्कृत संस्थान, वाराणसी

७. मिश्रः, पं. हरेन्द्र, **बृहच्छब्दकुसमाकरः**, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली

८. हंस, चक्रधर नौटियाल, **बृहद् अनुवाद चन्द्रिका**, मोतीलाल बनारसीदास, दिल्ली

९. मिश्र, रामचन्द्र, **प्रबन्धपारिजात**, चौखम्बा, वाराणसी

१०. Kapoor, Kapil, **Dimensons of Sanskrit Grammar**, D.K. Printworld (P) Ltd. New Delhi


●●●

## द्वितीय वर्ष, प्रथम पत्र

विषयसङ्केत (Code) : Skt.C- 423

पाठ्यांशशीर्षक (Course Title) : संस्कृत साहित्य (पद्यकाव्य)

पाठघण्टा १५०
पूर्णाङ्क १००
(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)
उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- संस्कृत पद्यकाव्य परम्पराको वैशिष्ट्यको ज्ञान,
- संस्कृत काव्यपरम्परा प्रति सद्भावनाका अभिवृद्धि,
- संस्कृतमा स्वतन्त्र रूपमा काव्यरचनासामर्थ्यको विकास,
- छन्दः, लय, सङ्गीत सम्बन्धी सामान्य ज्ञान र चैतन्य अभिवृद्धिका साथै पद्य/गीत लेखनप्रवृत्तिको विकास,
- काव्यात्मक रचनाका माध्यमले मानवीय नैतिक चेतनाको सशक्तीकरण ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | संस्कृत पद्यकाव्य परम्परा | १० | १५ | |
| २. | रघुवंशम् महकाव्य | ३० | ४५ | |
| ३. | नीतिशतकम् | २० | ३० | |
| ४. | गीतगोविन्दम् काव्यम् | २० | ३० | |
| ५. | आंदर्शदम्पती सीतारामौ | २० | ३० | |

### शिक्षण विवरण

**एकाइ १ : संस्कृत पद्यकाव्य परम्परा** पूर्णाङ्क १० पा.घ. १५

- संस्कृतमा पद्यात्मक रचनाको आरम्भ, विकास र उत्कर्ष,
- संस्कृतमा रचना भएका महाकाव्य, खण्डकाव्य, गीतिकाव्यहरू सम्बन्धी जानकारी,
- संस्कृतमा दूतकाव्य परम्परा र गीतिलेखन परम्पराको आरम्भ र विकास,
- आधुनिक युगमा संस्कृतमा काव्य/गीति रचनाको अवस्था ।

परिषद्को कार्यालय कीर्तिपुर

## एकाइ २ : रघुवंशम् महाकाव्य पूर्णाङ्क ३० पा.घ. ४५

- महाकवि कालिदास र उनका रचनाहरूको ज्ञान,
- महाकवि कालिदासका रचनाहरूमा रघुवंश महाकाव्यको स्थान र वैशिष्ट्य,
- कालिदासका रचनाहरूमा छन्दः, अलङ्कार र सूक्तिहरूको प्रयोग वैशिष्ट्यको निदर्शनात्मक ज्ञान,
- रघुवंश महाकाव्यको प्रथम सर्गको अनुवाद, व्याख्या, समीक्षा सहितको अध्ययन,
- रघुवंशको प्रथम सर्गमा प्रयुक्त सूक्तिहरूको वैशिष्ट्य एवं सामाजिक, साहित्यिक वा अन्य दृष्टिले महत्त्व ।

## एकाइ ३ : नीतिशतकम् पूर्णाङ्क २० पा.घ. ३०

- संस्कृत वाङ्मयमा नीतिचैतन्ययुक्त रचनाहरूको विहगावलोकन,
- संस्कृत वाङ्मयमा भर्तृहरिको अवदानको समीक्षा,
- समाजमा नीतिशतकम्को प्रभाव समीक्षा,
- नीतिशतकम्का पद्यहरूको भावार्थ एवं व्याख्या ।

## एकाइ ४ : गीतगोविन्दम् काव्यम् पूर्णाङ्क २० पा.घ. ३०

- संस्कृत वाङ्मयमा गीतिचेतनायुक्त रचना एवं गीतिकाव्यपरपराको उद्भव र विकास सम्बन्धी ज्ञान,
- कवि जयदेवको व्यक्तित्व एवं कृतित्व सम्बन्धी परिचय,
- संस्कृत साहित्यमा कवि जयदेवको अवदानको समीक्षा,
- गीतिगोविन्दम् काव्यको प्रथम सर्गका पद्य/गीतको शब्दार्थ, भावार्थको ज्ञानका साथै लय, साङ्गीतिक चेतना, भक्तिभावपूर्णता आदि दृष्टिले अध्ययन,
- साहित्य र समाजमा गीतिगोविन्दम् काव्यको प्रभावसमीक्षा ।

## एकाइ ५ : आदर्शदम्पती सीतारामौ पूर्णाङ्क २० पा.घ. ३०

- कवि कुलचन्द्र गौतमको व्यक्तित्व र कृतित्वको परिचयात्मक ज्ञान,
- संस्कृत साहित्यमा कुलचन्द्र गौतमको योगदानको समीक्षा,
- संस्कृत साहित्यमा 'आदर्श दम्पती सीतारामौ' काव्यको स्थान निर्धारण,
- आदर्श दम्पती सीतारामौ काव्यको अर्थ र व्याख्या सहित परिशीलन,
- आदर्श दम्पती सीतारामौ काव्यको अवगाहनबाट समाजमा पर्नसक्ने सकारात्मक प्रभावको मूल्याङ्कन ।

### पाठ्यग्रन्थ :

महाकवि कालिदास, **रघुवंशम् महाकाव्य** (प्रथम सर्ग मात्र)

भर्तृहरि, **नीतिशतकम्** (सम्पूर्ण)

जयदेव, **गीतिगोविन्दम् काव्यम्** (प्रथम सर्ग मात्र)

कुलचन्द्र गौतम, **आदर्श दम्पती सीतारामौ** (सम्पूर्ण)

## अनुशंसित ग्रन्थ


१. गौतम, डा. नारायणप्रसाद (व्याख्या.), **आदर्शदम्पती सीतारामौ**, ओसन प्रकाशन प्रा. लि., काठमाडौं, २०७० वि.

२. सुवेदी, हंसपुरे, **संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन**, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., वि. सं. २०३७

३. उपाध्याय, बलदेव, **संस्कृत साहित्यका इतिहास**, शारदा संस्थान, वाराणसी

४. उपाध्याय, रामजी, **संस्कृत साहित्यका आलोचनात्मक इतिहास**, चौखम्बा विद्याभवन, वाराणसी

५. त्रिपाठी, डा. रामसागर, **संस्कृत साहित्य का इतिहास**, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९९१ ई.

६. मुसलगांवकर, केशवराज, **संस्कृत महाकाव्य की परम्परा**, चौखम्बा विद्याभवन, वाराणसी

७. त्रिपाठी, कृष्णमणि, **रघुवंशम्** (मल्लिनाथकृत सञ्जीवनी टीका), चौखम्बा सुरभारती प्रकाशन, वाराणसी.

८. शर्मा शास्त्री, विष्णुदत्त, **नीतिशतकम्**, (भर्तृहरिकृत), ज्ञानप्रकाशन, मेरठ, संवत् २०३४ वि.

९. ऋषि, उमाशङ्कर शर्मा, **संस्कृत साहित्यका इतिहास**, चौखम्बा भारती अकादमी, वाराणसी

१०. गोयल, प्रीतिप्रभा, **संस्कृत साहित्यका इतिहास**, राजस्थानी ग्रन्थागार, जोधपुर

११. त्रिपाठी, राधावल्लभ, **संस्कृत साहित्यका अभिनव इतिहास**, विश्वविद्यालय प्रकाशन, वाराणसी

१२. Keith, A.B., **History of Sanskrit Literature**, MLBD, Delhi
(हिन्दी अनुवाद, मङ्गलदेव शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली)

१३. Winternitz, Maurice, **Ancient Indian Literature** (Vol. 1-3), MLBD, Delhi.
(Also Hindi Translation)

१४. M. Krishnamachariar, **History of Classical Sanskrit Liteature**, MLBD, Delhi


•••

संस्कृत केन्द्रीय विभाग
कीर्तिपुर

मानविकी तथा सामाजिक शास्त्र संकाय
डिनको कार्यालय
त्रि. वि., कीर्तिपुर

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

## द्वितीय वर्ष, द्वितीय पत्र

विषयसङ्केत (Code) : Skt.C- 424

पाठ्यांशशीर्षक (Course Title) : संस्कृत साहित्य (गद्यकाव्य एवं नाटक)

पाठघण्टा १५०

पूर्णाङ्क १००

(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)

उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- संस्कृतको गद्यकाव्य परम्परा र त्यसको वैशिष्ट्यको ज्ञान,
- संस्कृतको नाट्यपरम्परा र त्यसको वैशिष्ट्यको ज्ञान,
- संस्कृत गद्यपरम्परा र नाट्यपरम्परा प्रति सद्भावना अभिवृद्धि,
- संस्कृतमा स्तरीय गद्यलेखनका लागि सामर्थ्य प्रवर्धन,
- संस्कृतमा नाट्यरचना गर्ने प्रवृत्तिको विकास र
- गद्य र नाट्यरचनाका माध्यमले मानवजीवनका विविध पक्षको संवर्धन ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | संस्कृत गद्य र नाट्य परम्पराको विहगावलोकन | १० | १५ | |
| २. | शुकनासोपदेश (कादम्बरी) | २० | ३० | |
| ३. | शिवराजविजयः | २० | ३० | |
| ४. | स्वप्नवासवदत्तम् | २० | ३० | |
| ५. | अभिज्ञानशाकुन्तलम् | ३० | ४५ | |

### शिक्षण विवरण

**एकाइ १ : संस्कृत गद्य र नाट्य परम्पराको विहगावलोकन** पूर्णाङ्क १० पा.घ. १५

- संस्कृतमा गद्यात्मक रचनाको आरम्भ, विकास र काव्यात्मक उत्कर्ष,
- संस्कृतमा रचना भएका गद्यकाव्यात्मक कृतिहरूको परिचय,
- वर्तमानमा संस्कृतमा गद्यलेखनको अवस्था सम्बन्धी परिचय,
- संस्कृतमा नाट्यात्मक रचनाको आरम्भ, विकास र काव्यात्मक उत्कर्ष,
- संस्कृतमा रचित नाट्यात्मक कृतिहरूको परिचय,
- वर्तमानमा संस्कृतमा नाट्यलेखनको अवस्था सम्बन्धी परिचय ।

एकाइ २ : शुकनासोपदेश (कादम्बरी) पूर्णाङ्क २० पा.घ. ३०

- महाकवि बाणभट्टको व्यक्तित्व र कृतित्वको परिचय,
- बाणभट्टको महाकवित्व, बाणभट्टकोगद्यशैलीको वैशिष्ट्य,
- संस्कृत गद्यकाव्यहरूमा कादम्बरीको स्थान,
- कादम्बरी (शुकनासोपदेश) को अनुवाद, व्याख्या र समीक्षा,
- शुकनासोपदेशमा व्यक्त भएका समाज, राजनीति र आयुर्वेद सम्बन्धी विषयको बोध ।

एकाइ ३ : शिवराजविजयः पूर्णाङ्क २० पा.घ. ३०

- अम्बिकादत्त व्यासको व्यक्तित्व र कृतित्वको परिचय,
- संस्कृतमा उपन्यास लेखन परम्पराको उद्‌भव र विकास,
- अर्वाचीन संस्कृत गद्य परम्परामा अम्बिकादत्त व्यासको अवदान समीक्षा,
- अम्बिकादत्त व्यासको गद्य शैलीको वैशिष्ट्य,
- ऐतिहासिक उपन्यासका रूपमा शिवराजविजयको संस्कृत साहित्यमा स्थान,
- शिवराज विजयः (निःश्वास १,२) को अनुवाद, व्याख्या एवं समीक्षा ।

एकाइ ४ : स्वप्नवासवदत्तम् पूर्णाङ्क २० पा.घ. ३०

- महाकवि भासको व्यक्तित्व र कृतित्वको परिचय,
- संस्कृत नाटककारहरूमा भासको स्थाननिर्धाण,
- नाटककार भासको महाकवित्व,
- संस्कृत नाटकहरूमा 'स्वप्नवासवदत्तम्'को स्थान निर्धारण,
- कथावस्तु, नाटकीय तत्त्व, भाषा, शैली, छन्दः र अलङ्कारको प्रयोग आदि दृष्टिले स्वप्नवासवदत्तम्को विवेचना,
- स्वप्नवासवदत्तम् नाटकाका निर्धारित अंश (अङ्क १, ६)का विषयवस्तुको अनुवाद, व्याख्या र समीक्षा ।

एकाइ ५ : अभिज्ञानशाकुन्तलम् पूर्णाङ्क ३० पा.घ. ४५

- महाकवि कालिदासको व्यक्तित्व र कृतित्वको परिचय,
- कालिदासको नाट्यकारिताको वैशिष्ट्य,
- विश्वका नाटककारहरूमा कालिदासको स्थान निर्धारण,
- नाट्यकृतिहरूमा अभिज्ञानशाकुन्तल्'को स्थान निर्धारण,
- कथानक, नाटकीय तत्त्व, भाषा, शैली आदिका दृष्टिले अभिज्ञानशाकुन्तलम्को विवेचना,
- 'अभिज्ञानशाकुन्तलम्'का निर्धारित अंशका विषयवस्तुको अनुवाद, व्याख्या र समीक्षा ।

## पाठ्यग्रन्थ

बाणभट्ट, **कादम्बरी** (शुकनासोपदेश मात्र)

अम्बिकादत्त व्यास, **शिवराजविजय:** (नि:श्वास १, २ मात्र)

भास, **स्वप्नवासवदत्तम्** (अङ्क १ र ६ मात्र)

कालिदास, **अभिज्ञानशाकुन्तलम्** (अङ्क १ र ४ मात्र)

## अनुशंसित ग्रन्थ


१. सुवेदी, हंसपुरे, **संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन**, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., वि. सं. २०३७

२. उपाध्याय, बलदेव, **संस्कृत साहित्यका इतिहास**, शारदा संस्थान, वाराणसी

३. उपाध्याय, रामजी, **संस्कृत साहित्यका आलोचनात्मक इतिहास**, चौखम्बा विद्याभवन, वाराणसी

४. त्रिपाठी, डा. रामसागर, **संस्कृत साहित्य का इतिहास**, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९९१ ई.

५. शास्त्री, रामपाल, **शुकनासोपदेश** सुबोधिनी, चौखम्बा ओरियन्टालिया, वाराणसी

६. ऋषि, उमाशङ्कर शर्मा, **संस्कृत साहित्यका इतिहास**, चौखम्बा भारती अकादमी, वाराणसी

७. गोयल, प्रीतिप्रभा, **संस्कृत साहित्यका इतिहास**, राजस्थानी ग्रन्थागार, जोधपुर

८. त्रिपाठी, राधावल्लभ, **संस्कृत साहित्यका अभिनव इतिहास**, विश्वविद्यालय प्रकाशन, वाराणसी

९. Keith, A.B., **History of Sanskrit Literature**, MLBD, Delhi
(हिन्दी अनुवाद, मङ्गलदेव शास्त्री, मोतीलाल बनारसीदास, दिल्ली)

१०. Winternitz, Maurice, **Ancient Indian Literature** (Vol. 1-3), MLBD, Delhi.
(Also Hindi Translation)

११. M. Krishnamachariar, **History of Classical Sanskrit Liteature**, MLBD, Delhi


●●●

## तृतीय वर्ष, प्रथम पत्र

**विषयसङ्केत (Code) : Skt.C- 425$_A$**

**पाठ्यांशशीर्षक (Course Title) : वैदिक अध्ययन**

पाठघण्टा १५०

पूर्णाङ्क १००

(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)

उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- वैदिक वाङ्मयका विभिन्न विषयको परिचय र तिनका महत्त्वको परिज्ञान,
- वेदार्थग्रहणका लागि प्रवृत्ति र क्षमताको प्रवर्धन,
- ब्राह्मण, आरण्यक र उपनिषद्का महत्त्व परिशीलन,
- वेदार्थग्रहणका लागि वेदाङ्गहरूको आवश्यकता प्रतिपादन,
- वैदिक वाङ्मयको अध्ययनार्थ प्रवृत्तिको विकास ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | वैदिक वाङ्मय र वेदाङ्गको परिचय | २० | ३० | |
| २. | ऋग्वेदको अध्ययन | ३० | ४५ | |
| ३. | शुक्लयजुर्वेदको अध्ययन | ३० | ४५ | |
| ४. | उपनिषद्को अध्ययन | २० | ३० | |

### शिक्षण विवरण

**एकाइ १ : वैदिक वाङ्मय र वेदाङ्गको परिचय** **पूर्णाङ्क २० पा.घ. ३०**

- वेद शब्दार्थ, वेदको सङ्ख्या, प्रत्येक वेदका मन्त्र (ऋचा) सङ्ख्या, वेदसंहिताकरूका ऋचाहरूको विभाजन (मण्डल, काण्ड, सूक्त आदि)
- वेदका ऋषि, देवता र छन्दःको स्वरूप र महत्त्व,
- प्रत्येक वेदसंहिताका विषयवस्तुको सङ्क्षिप्त परिचय,
- ब्राह्मण शब्दको अर्थ, मन्त्र र ब्राह्मणमा भिन्नता, प्रमुख ब्राह्मण ग्रन्थहरूको छोटो परिचय,
- आरण्यक र उपनिषद् शब्दको अर्थ, उपलब्ध आरण्यक र उपनिषद् ग्रन्थहरू र तिनको वेदसँग सम्बद्धता,
- वेदाङ्गको तात्पर्य, सङ्ख्या, विषय, वेदाङ्गको वेदसँग सम्बन्ध,
- वेदार्थ ज्ञानका लागि वेदाङ्गको अध्ययनको अपरिहार्यता,
- पूर्वीय वाङ्मयमा वेदाङ्गको महत्त्वको प्रतिपादन ।

## एकाइ २ : ऋग्वेदको अध्ययन

पूर्णाङ्क ३० पा.घ. ४५

- ऋग्वेद शब्दको अर्थ, ऋग्वेदका ऋचा, प्रमुख देवता र ऋषि सम्बन्धी ज्ञान,
- ऋग्वेदमा काव्यत्वबीज एवं छन्दः, अलङ्कार र रसको प्रयोग सम्बन्धी अध्ययन,
- ऋग्वेदका प्रमुख विषयहरूको छोटो जानकारी,
- ऋग्वेदका ब्राह्मण, आरण्यक र प्रमुख उपनिषद्हरूको परिचय,
- ऋग्वेदका निम्नलिखित सूक्तका मन्त्रहरूको अर्थज्ञान :

| क्र. सं. | सूक्तका नाम | वेदसन्दर्भ | पहिलो मन्त्रको आरम्भांश |
|---|---|---|---|
| १. | वरुण | १.२४ | कस्य नूनं कतमस्यामृतानाम् ...... । |
| २. | विश्वेदेवाः | १.८९ | आ नो भद्राः क्रतवो ......... । |
| ३. | उषस् | ३.६१ | उषो वाजेन वाजिनि ........... । |
| ४. | ज्ञान | १०.७१ | बृहस्पते प्रथमं वाचः ........... । |
| ५. | वाक् | १०.१२५ | अहं रुद्रेभिः ...................... । |
| ६. | संज्ञान/सङ्गठन | १०.१९१ | सं समिद्युवसे .................... । |

## एकाइ ३ : शुक्लयजुर्वेदको अध्ययन

पूर्णाङ्क ३० पा.घ. ४५

- 'यजुष्'को अर्थ, यजुर्वेदको शुक्लत्व र कृष्णत्व, यजुर्वेदका विभिन्न संहिताहरूका नाम र नाममा वैविध्यका कारण,
- यजुर्वेदका ऋषि र देवताको परिचय, यजुर्वेदमा कर्मप्रधानताको स्वरूप,
- यजुर्वेदका प्रत्येक अध्यायमारहेको विषयवस्तुको सङ्क्षिप्त परिचय,
- शुक्लयजुर्वेदका ब्राह्मणग्रन्थ, आरण्यक र उपनिषदहरूको परिचय तथा तिनका विषयवस्तुको छोटो परिचय,
- शुक्लयजुर्वेदका निम्नलिखित अंशका मन्त्रहरूको अर्थज्ञान :

| क्र. सं. | अध्याय विवरण | पहिलो मन्त्रको आरम्भांश/अन्तिम मन्त्रको अन्तिमांश |
|---|---|---|
| १. | प्रथम अध्यायको आरम्भका १५ मन्त्र | १. इषे त्वोर्जे त्वा ......................... हविष्कृदेहि ॥१५॥ |
| २. | तृतीय अध्यायको आरम्भका १७ मन्त्र | १. समिधाग्निं दुवस्यत ...................... तन्म आपृण ॥१७॥ |
| ३. | बाइसौं अध्यायको बाइसौं मन्त्र | २२. आ ब्रह्मन् ब्राह्मणः ...................... कल्पताम् ॥२२॥ |
| ४. | छत्तीसौं अध्याय सम्पूर्ण | १. ऋचं वाचं प्रपद्ये ......... भूयश्च शरदः शतात् ॥२४॥ |

**एकाइ ४ : उपनिषद्को अध्ययन** पूर्णाङ्क २० पा.घ. ३०

- उपनिषद् शब्दार्थ एवं भावार्थ, उपनिषद्हरूको सङ्ख्या, नाम, प्रामाणिकता,
- उपनिषद्हरूको वैशिष्ट्य,
- उपनिषद्हरूको महत्त्व, विश्ववाङ्मयमा उपनिषद्हरूको स्थान,
- प्रमुख उपनिषद्हरूका (१२ उपनिषद्) विषयवस्तुको सङ्क्षिप्त परिचय,
- कठोपनिषद् (अध्याय १ र २) को अर्थ, व्याख्या र समीक्षा ।

## पाठ्यग्रन्थ

**ऋग्वेदसंहिता** (निर्धारित अंश मात्र, भाष्य सहित)

**शुक्लयजुर्वेदसंहिता** (निर्धारित अंश मात्र, भाष्य सहित)

**कठोपनिषद्** (निर्धारित अंश मात्र, अर्थ र व्याख्या सहित)

## अनुशंसित ग्रन्थ


१. गौतम, डा. नारायणप्रसाद, **केही वैदिक सूक्तहरूको विश्लेषण**, रत्न पुस्तक भण्डार, काठमाडौं, २०६५ वि.

२. सुवेदी, हंसपुरे, **संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन**, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., वि. सं. २०३७

३. पण्डित भगवद्दत्त, **वैदिक वाङ्मयका इतिहास**, रामलाल कपूर ट्रस्ट, अमृतसर, वि. सं. २०१३.

४. त्रिवेदी, पं. रामगोविन्द, **वैदिक साहित्य**, भारतीय ज्ञानपीठ, काशी, १९५० ई.

५. उपाध्याय, बलदेव, **वैदिक साहित्य और संस्कृति**, शारदा संस्थान, वाराणसी, २०१० ई.

६. डा. कर्णसिंह, **वैदिक साहित्यका इतिहास**, साहित्य भण्डार, सुभाष बजार, मेरठ, १९८६-८७ ई.

७. सरस्वती, स्वामी दयानन्द, **ऋग्वेदभाष्यम्**, (भाग १-१०), श्रद्धानन्द अनुसन्धान केन्द्र, गुरुकुल काँगडी विश्वविद्यालय, हरिद्वार, २००८ ई.

८. सरस्वती, स्वामी दयानन्द, **यजुर्वेदभाष्यम्**, (भाग १-३), श्रद्धानन्द अनुसन्धान केन्द्र, गुरुकुल काँगडी विश्वविद्यालय, हरिद्वार, २००८ ई.

९. जोशी, आचार्य सुदर्शन, यजुर्वेद (मन्त्र, पद, भाष्य एवं नेपाली भावार्थ सहित), गुडविल पब्लिकेसन प्रा. लि., काठमाडौं, नेपाल, २०७४ वि.

१०. श्रीअरविन्द, वेद-रहस्य (पूर्वार्द्ध एवं उत्तरार्द्ध), श्रीअरविन्द आश्रम, पांडिचेरी, १९९३ ई.

११. दाहाल, मेघप्रसाद उपाध्याय (अनु.), **यजुर्वेद भाषा भाष्य** (नेपाली भाषा पदार्थ र भावार्थ), आर्ष साहित्य प्रचार ट्रस्ट, दिल्ली, २०७२ वि.

१२. पाठक, डा. जमुना एवं डा. उमेशप्रसाद सिंह, **नवीनवैदिकसञ्चयनम्** (न्यू वैदिक सेलेक्शन), भाग १,२, चौखम्बा कृष्णदास अकादमी, वाराणसी, २०६२ वि.

१३. सिद्धान्तालङ्कार, प्रो. सत्यव्रत, **वैदिक संस्कृतिका सन्देश**, विजयकुमार गोविन्दराम हासानन्द, दिल्ली, २०१६ ई.

१४. एम.ए., प्रा. रामविचार, **वेदसन्देश**, विजयकुमार गोविन्दराम हासानन्द, दिल्ली,२०१८ ई.

१५. सरस्वती, स्वामी विद्यानन्द, **भूमिकाभास्कर** (भाग १,२), रामलाल कपूर ट्रस्ट, सोनीपत, २०६२ वि.

१६. .........., **ईशादि नौ उपनिषद्** (शाङ्करभाष्य सहित), गीताप्रेस, गोरखपुर, २०७४ वि.

१७. शास्त्री, डा. हरिदत्त, **ऋक्सूक्तसङ्ग्रह**, साहित्य भण्डार, सुभाष बजार, मेरठ, १९९९ ई.

१८. गुरुदत्त, **वेदमन्त्रों के देवता**, हिन्दी साहित्य सदन, नई दिल्ली, २०१५ ई.


●●●

# तृतीय वर्ष, प्रथम पत्र

**विषयसङ्केत (Code) : Skt.C- $425_B$**

**पाठ्यांशशीर्षक (Course Title) : दर्शनशास्त्र**

पाठ्घण्टा १५०
पूर्णाङ्क १००
(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)
उत्तीर्णाङ्क ४०

## पाठ्यांशको उद्देश्य

- सूक्ष्म दार्शनिक चिन्तन सम्बन्धी पूर्वीय परम्पराको परिचय,
- इहलोक र परलोक सम्बन्धी चिन्तनशक्तिको प्रवर्धन,
- सृष्टि, लय र पदार्थविद्यासम्बन्धी सूक्ष्म चिन्तनको परिचयात्मक बोध,
- ईश्वर, जीव र प्रकृति सम्बन्धी पूर्वीय चिन्तनको वैविध्यको सापेक्षतामा स्वकीय दृष्टिकोण निर्माणक्षमताको विकास ।

## पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठ्घण्टा | |
|---|---|---|---|---|
| १. | पूर्वीय दार्शनिक चिन्तनधाराको परिचय | १० | १५ | |
| २. | साङ्ख्यदर्शन | ३० | ४५ | |
| ३. | न्यायदर्शन | ३० | ४५ | |
| ४. | वेदान्तदर्शन | ३० | ४५ | |

## शिक्षण विवरण

### एकाइ १ : पूर्वीय दार्शनिक चिन्तनधाराको परिचय — पूर्णाङ्क १० पा.घ. १५

- दर्शन शब्दको सामान्यार्थ, विशिष्टार्थ,
- वैदिक वाङ्मयमा दार्शनिक चिन्तनधाराका बीजको समुपलब्धि,
- उपनिषत्साहित्यमा विकसित सूक्ष्म दार्शनिक चिन्तनधाराको परिचय,
- वैदिक दर्शनका रूपमा विकसित षड्दर्शन एवं तिनका अन्य अवान्तर भेदहरूको परिचय,
- वैदिक दार्शनिक चिन्तनधाराको प्रतिक्रियास्वरूप विकसित वैदिकेतर चिन्तनधाराको परिचय,
- वर्तमानमा प्रचलित वैदिक एवं वैदिकेतर दार्शनिक चिन्तनधारा अन्तर्गत मूल र अवान्तर सहित प्रमुख दार्शनिक मतहरूको नामावली सहित छोटो परिचय ।

## एकाइ २ : साङ्ख्यदर्शन पूर्णाङ्क ३० पा.घ. ४५

- साङ्ख्य शब्दको अर्थ, साङ्ख्यदर्शनको मूल आधार,
- साङ्ख्यका आद्यप्रवर्तक कपिलमुनि र उनको साङ्ख्यसूत्रको परिचय,
- ईश्वरकृष्ण र उनको साङ्ख्यकारिकाको परिचय,
- साङ्ख्यसूत्र र साङ्ख्यकारिकामा मूलभूत भिन्नता,
- पूर्वीय दार्शनिक परम्परामा साङ्ख्यदर्शनको महत्त्व र वैशिष्ट्य,
- साङ्ख्यदर्शन र योगदर्शनका मूलभूत साम्यवैषम्यको सामान्य परिचय,
- साङ्ख्यदर्शनमा प्रतिपादित दुःखत्रय, प्रकृति, पुरुष, तत्त्वसङ्ख्या आदि प्रमुख विषयको ज्ञान,
- साङ्ख्यकारिकाका कारिकाहरुको अर्थ, व्याख्या एवं समीक्षा ।

## एकाइ ३ : न्यायदर्शन पूर्णाङ्क ३० पा.घ. ४५

- न्याय र तर्कशास्त्र शब्दहरुको अर्थ र आशय, न्यायदर्शनको मूल आधार,
- न्यायदर्शनका आद्यप्रवर्तक गोतम ऋषि र उनको न्यायसूत्रको परिचय,
- न्यायदर्शनको वैशिष्ट्य, वैदिक दर्शनहरूमा न्यायदर्शनको स्थान र महत्त्व,
- न्यायदर्शन र वैशेषिक दर्शनका मूलभूत साम्यवैषम्यको सामान्य परिचय,
- प्राच्य न्याय र नव्य न्यायमा मूलभूत भिन्नता,
- न्यायप्रतिपादित प्रमाणादि सम्बन्धी प्रमुख विषयवस्तुको ज्ञान,
- अन्नंभट्टको परिचय, न्यायवैशेषिकको प्रवर्धनमा अन्नंभट्टको योगदान,
- तर्कसंग्रहका विषयवस्तुको अध्ययन ।

## एकाइ ४ : वेदान्तदर्शन पूर्णाङ्क ३० पा.घ. ४५

- वेदान्त शब्दको अर्थ र आशय, वेदान्तदर्शन र उपनिषद् वाङ्मयको सम्बन्ध,
- वेदान्तदर्शनका आद्य प्रवर्तक महर्षि व्यास र उनको ब्रह्मसूत्रको परिचय,
- ब्रह्मसूत्रको वैशिष्ट्य र महत्त्व,
- ब्रह्मसूत्र र वेदान्तदर्शनको प्रवर्धनमा आचार्य शङ्कर र उनको शाङ्करभाष्यको योगदान
- ब्रह्म, आत्मा, विवर्त्तवाद, माया र अविद्याका सम्बन्धमा वेदान्तदर्शनको दृष्टिकोण
- वेदान्तदर्शनको सरलीकृत प्रस्तुतिमा 'वेदान्तसार'को योगदान,
- वेदान्तसारको वैशिष्ट्य, रचनाकाल र सदानन्दको परिचय,
- 'वेदान्तसार'का विषयवस्तुको अर्थ, व्याख्या एवं दार्शनिक समीक्षा ।

## पाठ्यग्रन्थ

ईश्वरकृष्ण, **साङ्ख्यकारिका** (सम्पूर्ण)

अन्नंभट्ट, **तर्कसङ्ग्रह** (सम्पूर्ण)

सदानन्द, **वेदान्तसार** (सम्पूर्ण)

## अनुशंसित ग्रन्थ

१. ईश्वरकृष्ण, **साङ्ख्यकारिका**, चौखम्बा विद्याभवन, वाराणसी

२. अन्नंभट्ट, **तर्कसङ्ग्रहः**, चौखम्बा विद्याभवन, वाराणसी

३. सदानन्द, **वेदान्तसार**, चौखम्बा विद्याभवन, वाराणसी

४. उपाध्याय, बलदेव, **भारतीय दर्शन : एक अनुशीलन**, शारदा संस्थान, वाराणसी

५. राजेन्द्रप्रसाद, **वेदान्तप्रदीप**, चौखम्बा विद्याभवन,वाराणसी, १९७९ ई.

६. झा, कृत्यानन्द, **तर्कसङ्ग्रहरहस्यम्**, चौखम्बा विद्याभवन, वाराणसी, १९७९ ई.

७. माधवाचार्य, **सर्वदर्शनसङ्ग्रह**, आनन्दाश्रम पुणे

८. ऋषि, उमाशङ्कर शर्मा (व्याख्याकार), **सर्वदर्शनसङ्ग्रह**, चौखम्बा विद्याभवन, वाराणसी

९. गौड, डा. शशिबाला, **दर्शनशास्त्रस्येतिहासः**, चौखम्बा सुरभारती प्रकाशन, वाराणसी

१०. शर्मा, चन्द्रधर, **भारतीय दर्शनका तात्त्विक सर्वेक्षण**, मोतीलाल बनारसीदास, दिल्ली

११. भट्टराय, प्रा. चूडानाथ, **दर्शनसमुच्चय**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं

१२. भट्टराय, प्रा. चूडानाथ, **साङ्ख्यविवेक**, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं

१३. शास्त्री, शुक्रराज (अनु.), **ब्रह्मसूत्रशाङ्करभाष्य**, एस आर जोशी, माधव भवन, काठमाडौं

●●●

## तृतीय वर्ष, प्रथम पत्र

विषयसङ्केत (Code) : Skt.C- 425$_C$

पाठ्यांशशीर्षक (Course Title) : काव्यशास्त्र

पाठघण्टा १५०

पूर्णाङ्क १००

(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)

उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- पूर्वीय काव्यशास्त्रीय परम्परा र प्रवृत्तिको जानकारी दिनु,
- काव्यशास्त्रका प्रमुख सम्प्रदाय सम्बन्धी अवधारणाको ज्ञान गराउनु,
- काव्यको स्वरूप, हेतु, प्रयोजन आदिको परिचय गराउनु,
- शब्दार्थशक्ति र तिनका भेदको निरूपण गर्ने सामर्थ्यको विकास,
- काव्यका विभिन्न तत्त्वसम्बन्धी ज्ञान दिनु ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | काव्यशास्त्रको उत्पत्ति र विकास | १५ | २२ | |
| २. | काव्यको परिचय | १५ | २३ | |
| ३. | शब्दशक्ति | १० | १५ | |
| ४. | ध्वनि र रस | १५ | २२ | |
| ५. | अलङ्कार | १५ | २३ | |
| ६. | काव्यगुण, काव्यदोष | १० | १५ | |
| ७. | रीति, औचित्य, वक्रोक्ति | १० | १५ | |
| ८. | नाट्यशास्त्रका प्रमुख मान्यता | १० | १५ | |

### शिक्षण विवरण

**एकाइ १ : काव्यशास्त्रको उत्पत्ति र विकास** पूर्णाङ्क १५ पा.घ. २२

- वैदिक वाङ्मयमा काव्यत्व, काव्यशास्त्रीय र नाट्यशास्त्रीय तत्त्वहरूको बीजान्वेषण,
- काव्यशास्त्रका आदिप्रवर्तक भरतमुनि र उनको नाट्यशास्त्रको परिचय,
- काव्यशास्त्रीय तत्त्वहरूको प्रवर्धनमा भरतमुनिको योगदान,
- काव्यशास्त्रीय दृष्टिमा काव्य र नाट्यको एकत्व वा पृथक्त्व प्रतिपादन,
- संस्कृत काव्यशास्त्रको विकासमा निम्नलिखित आचार्य र उनका कृतिहरूको योगदानको परिचय : भामह, दण्डी, वामन, आनन्दवर्धन, अभिनवगुप्त, क्षेमेन्द्र, कुन्तक, भोज, मम्मट, विश्वनाथ, जगन्नाथ ।

## एकाइ २ : काव्यको परिचय पूर्णाङ्क १५ पा.घ. २३

- काव्यको लक्षणका सम्बन्धमा प्रचलित बिभिन्न मतको समीक्षा,
- काव्यको प्रयोजन, काव्यको हेतु,
- काव्यका भेद (गुणवत्ताका दृष्टिले उत्तम, मध्यम आदि),
- काव्यका भेद (संरचनाका दृष्टिले दृश्य, श्रव्य आदि),
- दृश्यकाव्य र श्रव्यकाव्यका विभिन्न भेदहरूको स्वरूपज्ञान ।

## एकाइ ३ : शब्दशक्ति पूर्णाङ्क १० पा.घ. १५

- पद र वाक्यको स्वरूप,
- शब्द र अर्थको विभाग, सङ्केतग्रह र त्यसका साधन,
- अभिधा, लक्षणा र व्यञ्जनाको स्वरूप र भेदको सोदाहरण परिचय ।

## एकाइ ४ : ध्वनि र रस पूर्णाङ्क १५ पा.घ. २२

- ध्वनि सम्बन्धी विभिन्न मान्यता र आनन्दवर्धनको स्थापना,
- ध्वनिको स्वरूप र काव्यमा ध्वनिको महत्त्व/ध्वान्यात्मवाद,
- रसको स्वरूप र रसनिष्पत्तिसम्बन्धी विभिन्न मान्यता,
- साधारणीकरण
- रस र ध्वनिका सन्दर्भमा भरत, आनन्दवर्धन र मम्मटको योगदानको समीक्षा ।

## एकाइ ५ : अलङ्कार पूर्णाङ्क १५ पा.घ. २३

- अलङ्कारको अर्थ, व्युत्पत्ति, अलङ्कारको परिभाषा,
- काव्यशास्त्रमा अलङ्कारवादको प्रतिष्ठा,
- काव्यमा अलङ्कारको स्थान,
- निम्नलिखित अलङ्कारहरूको सोदाहरण लक्षणनिरूपण :
  अनुप्रास, यमक, श्लेष, उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, सन्देह, अपह्नुति, दीपक, दृष्टान्त, निदर्शन, व्यतिरेक, समासोक्ति, अर्थान्तरन्यास, काव्यलिङ्ग, विभावना, विशेषोक्ति ।

## एकाइ ६ : काव्यगुण, काव्यदोष पूर्णाङ्क १० पा.घ. १५

- काव्यमा गुणको महत्त्व सम्बन्धी अवधारण,
- गुणको स्वरूप, भेद र भेदलक्षण (सोदाहरण),
- दोषको स्वरूप र काव्यमा दोषको प्रभाव,
- अवस्था अनुसार काव्यमा गुण दोष र दोष गुण हुने अवस्था सम्बन्धी ज्ञान,
- दोषका भेदविवेचन : पददोष, पदांशदोष, वाक्यदोष, रसदोष आदि ।
- निम्नलिखित दोषहरूको सोदाहरण परिचय :
  श्रुतिकटु, च्युतसंस्कृति, ग्राम्य, क्लिष्ट, अविमृष्टविधेयांश, हतवृत्तता, न्यूनपदता, अपुष्टत्व, अश्लीलत्व, स्वशब्दवाच्यता ।

**एकाइ ७ : रीति, औचित्य, वक्रोक्ति** पूर्णाङ्क २० पा.घ. ३०

- रीतिवादका प्रवर्तक वामनको परिचय र उनको रीतिवादको आशय,
- रीति र गुणको पारस्परिक सम्बन्ध,
- रीतिको लक्षण र प्रकार, सबै प्रकारका रीतिहरूको सोदाहरण परिचय,
- वक्रोक्तिवादको अवधारणा र कुन्तकको आशय,
- वक्रोक्तिको स्वरूप र प्रकार
- वर्णविन्यासवक्रता, पदपूर्वार्धवक्रता, वस्तुवक्रता, वाक्यवक्रता र प्रबन्धवक्रताको सोदाहरण परिचय,
- औचित्यको स्वरूप र औचित्यवादका प्रवर्तक क्षेमेन्द्रको परिचय,
- काव्यमा औचित्यको आवश्यकता प्रतिपादन ।

**एकाइ ७ : नाट्यशास्त्रका प्रमुख मान्यता** पूर्णाङ्क १० पा.घ. १५

- काव्यशास्त्र र नाट्यशास्त्रको एकत्व वा पृथक्त्व प्रतिपादन,
- नाटकीय तत्त्व विषयको ज्ञान,
- विविध नाट्यभेद र तत्त्वहरूको परिचय :
  रूपक, उपरूपक, गर्भाङ्क, नान्दी, आमुख, पञ्चसन्धि, वृत्ति, नाट्योक्ति ।

## अनुशंसित ग्रन्थ


१. शर्मा, सोमनाथ, साहित्यप्रदीप, साझा प्रकाशन, काठमाडौँ
२. उपाध्याय, डा. केशवप्रसाद, पूर्वीय साहित्यसिद्धान्त, साझा प्रकाशन, काठमाडौँ, २०४८
३. अधिकारी, हेमाङ्गराज, पूर्वीय समालोचना सिद्धान्त, साझा प्रकाशन, काठमाडौँ ।
४. कान्तिचन्द्र, काव्यदीपिका, चौखम्बा, वाराणसी
५. डा. नगेन्द्र, भारतीय काव्यशास्त्र की भूमिका, नेशनल पब्लिशिङ्ग हाउस, दिल्ली
६. सुशीलकुमार, संस्कृत काव्यशास्त्र का इतिहास, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली
७. डा. नगेन्द्र, भारतीय काव्य सिद्धान्त, नेशनल पब्लिशिङ्ग हाउस, दिल्ली
८. हीरा, डा. राजवंश सहाय, भारतीय आलोचना शास्त्र, बिहार हिन्दी अकादमी, पटना
९. हीरा, डा. राजवंश सहाय, भारतीय काव्यशास्त्र के प्रतिनिधि सिद्धान्त, बिहार हिन्दी अकादमी, पटना
१०. काणे, पी.वी., संस्कृत काव्यशास्त्र का इतिहास, चौखम्बा संस्कृत सीरीज अफिस, वाराणसी
११. मिश्र, जयमन्त, काव्यात्ममीमांसा, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली


•••

## तृतीय वर्ष, प्रथम पत्र

**विषयसङ्केत (Code) : Skt.C- $421_D$**

**पाठ्यांशशीर्षक (Course Title) : धर्मशास्त्र र नीतिशास्त्र**

पाठघण्टा १५०
पूर्णाङ्क १००
(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)
उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- संस्कृत वाङ्मयमा रहेको धर्म र नीतिसम्बन्धी विषयको आस्वाद,
- प्राचीन रीति, व्यवस्था, लोकव्यवहार आदिको बोध र आधुनिक युगका लागि पथप्रदर्शन,
- सुसंस्कृत र शिष्ट समाज निर्माणमा सहयोग,
- लोकव्यवहार, सदाचार, परोपकार जस्ता मार्गमा प्रवृत्ति ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | धर्मशास्त्र र नीतिशास्त्रको विहगावलोकन | १५ | २३ | |
| २. | मनुस्मृति | ३० | ४५ | |
| ३. | याज्ञवल्क्यस्मृति | १५ | २२ | |
| ४. | विदुरनीति | १५ | २२ | |
| ५. | चाणक्यनीति | १५ | २३ | |
| ६. | हितोपदेश | १० | १५ | |

### शिक्षण विवरण

**एकाइ १ : धर्मशास्त्र र नीतिशास्त्रको विहगावलोकन** **पूर्णाङ्क १५ पा.घ. २३**

- धर्म, शब्दको अर्थ, धर्मका नाममा प्रचलित अनुष्ठानहरू र शाश्वत मानवीय मर्यादाभित्र पर्ने व्यवहारहरूको भिन्नता, धर्म र सम्प्रदायमा साम्य/वैषम्य,
- धर्मको परिभाषा, धर्मको स्वरूप, धर्मको शाश्वतता, सार्वभौमिकता र सार्वकालिकता,
- नीति शब्दको अर्थ, नैतिकताका आदर्शहरू, धर्म र नीतिमा भिन्नता र समानता,
- नीतिको परिभाषा, नीतिअन्तर्गत पर्ने व्यवहार र आदर्शहरू, नैतिक चेतनाको आशय,

- शास्त्रको अर्थ, शास्त्रले प्रदान गर्ने दृष्टि, धर्मशास्त्र र नीतिशास्त्रअन्तर्गतका प्रमुख शास्त्रीय ग्रन्थहरू,
- संस्कृत वाङमयमा धर्म र नीति सम्बन्धी चिन्तनको आरम्भ र विकासको विहगावलोकन :
  - वेदमा धर्म र नैतिक चेतनासम्बन्धी विषयवस्तु,
  - उपनिषद्मा धर्म र नीति सम्बन्धी चिन्तन,
  - वेदाङ्गहरूको धार्मिक नैतिक चेतनासँग सम्बन्ध,
  - स्मृतिग्रन्थहरू र धार्मिक, नैतिक चेतना,
  - रामायण र महाभारतमा धार्मिक र नैतिक चेतनाको सन्दर्भहरू,
  - पुराणहरूमा धार्मिक, नैतिक चेतनाका चिन्तनहरू
  - धर्म र नीतिलाई प्रमुख विषय बनाएर रचिएका अन्य ग्रन्थहरू

## एकाइ २ : मनुस्मृति पूर्णाङ्क ३० पा.घ. ४५

- मनुस्मृतिको परिचय, रचनाकाल, सामाजिक महत्त्व
- सनातन वैदिक जीवनदर्शनमा मनुस्मृतिको प्रभाव,
- मनुस्मृतिमा प्रतिपादित विषयवस्तुहरूको सङ्क्षिप्त जानकारी,
- मनुस्मृतिको दोस्रो अध्यायका विषयवस्तुको महत्त्व र वैशिष्ट्य,
- मनुस्मृतिको दोस्रो अध्यायका श्लोकहरूको अनुवाद, व्याख्या एवं विवेचना ।

## एकाइ ३ : याज्ञवल्क्यस्मृति पूर्णाङ्क १५ पा.घ. २२

- याज्ञवल्क्यको परिचय, स्थान, वैशिष्ट्य र काल,
- याज्ञवल्क्यको कर्मभूमि र नेपालको गौरवगाथा,
- याज्ञवल्क्यस्मृतिको स्वरूप, विषय, वैशिष्ट्य र महत्त्व,
- याज्ञवल्क्यस्मृतिको निर्धारित प्रकरणका श्लोकहरूको अनुवाद, व्याख्या एवं विवेचना ।

## एकाइ ४ : विदुरनीति पूर्णाङ्क १५ पा.घ. २२

- विदुरको परिचय, ऐतिहासिकता, विदुरनीतिको रचना, नीतिशास्त्रहरूमा विदुरनीतिको स्थान,
- सामाजिक मर्यादा र चेतनाको अभिवृद्धिमा विदुरनीतिको महत्त्व र वैशिष्ट्य,
- विदुरनीतिको निर्धारित अंशका श्लोकहरूको अनुवाद, व्याख्या, भावार्थ र विवेचना ।

## एकाइ ५ : चाणक्यनीति पूर्णाङ्क १५ पा.घ. २३

- चाणक्यको परिचय, कालनिर्धारण र उनको नीतिशास्त्रको महत्त्वको विवेचना,
- चाणक्यका विचार, व्यवहार र आचरणहरूको वर्तमानमा सान्दर्भिकता,
- चाणक्यनीतिका श्लोकहरूको अनुवाद, व्याख्या, भावार्थ र विवेचना ।

**एकाइ ६ : हितोपदेश** **पूर्णाङ्क १०** **पा.घ. १५**

- नारायण शर्मा र हितोपदेशको परिचय
- नीतिचैतन्यको अभिवृद्धिमा कथात्मक साहित्यको भूमिका र त्यसमा हितोपदेशको स्थान,
- हितोपदेशका चारै भेदहरूको छोटो परिचय,
- हितोपदेशको मित्रलाभको आरम्भका निम्नलिखित तीन कथाको अध्ययन :
  कथा १ : काग, कछुवा, मृग र मुसाको कथा,
  कथा २ : सुनको बाला लिएको बुढो बाघ र यात्रीको कथा,
  कथा ३ : मृग, काग र स्यालको कथा ।
- निर्धारित कथाअन्तर्गत आएका श्लोकहरूको अनुशीलन ।

## पाठ्यग्रन्थ

१. **मनुस्मृति** (निर्धारित अंश मात्र)

२. **याज्ञवल्क्यस्मृति** (निर्धारित अंश मात्र)

३. **विदुरनीति** (निर्धारित अंश मात्र)

४. **चाणक्यनीति** (सम्पूर्ण)

५. **हितोपदेश** (निर्धारित अंश मात्र)

## अनुशंसित ग्रन्थ


१. काणे, पी. बी., **धर्मशास्त्रका इतिहास** (भाग १-५), उत्तरप्रदेश हिन्दी संस्थान, लखनऊ, १९९२ ई.
२. त्रिपाठी, हरिहरनाथ, **प्राचीन भारत में अपराध और दण्ड**, चौखम्बा विद्याभवन, वाराणसी
३. पाण्डेय, राजबली, **हिन्दू संस्कार**, चौखम्बा विद्याभवन, वाराणसी, २०१४ वि.
४. दयानन्द, स्वामी, **आचारचन्द्रिका**, चौखम्बा विद्याभवन, वाराणसी
५. .......... , **कल्याण नीतिकथाङ्क**, गीताप्रेस, गोरखपुर
६. उप्रेती, थानेशचन्द्र (व्या.), **याज्ञवल्क्यस्मृतिः**, परिमल प्रकाशन, दिल्ली
७. डा. सुरेन्द्रकुमार (व्या.), **मनुस्मृति**, आर्ष साहित्य प्रचार ट्रस्ट, दिल्ली, २०५१ वि.
८. पाराशर, अश्विनी (अनु.), **विदुरनीति**, डायमण्ड पाकेट बुक्स (प्रा.) लि., दिल्ली,
९. पाराशर, अश्विनी (अनु.), **चाणक्यनीति**, डायमण्ड पाकेट बुक्स (प्रा.) लि., दिल्ली, २००३ ई.
१०. राणा, डा. भवान सिंह (अनु.), **चाणक्यसूत्र**, डायमण्ड पाकेट बुक्स (प्रा.) लि., दिल्ली, २००१ ई.
११. भट्ट, पं. रामेश्वर (अनु.), **हितोपदेशः**, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९५१ वि. ।


•••

## तृतीय वर्ष, द्वितीय पत्र

**विषयसङ्केत (Code) : Skt.E- 410**

**पाठ्यांशशीर्षक (Course Title) : श्रीमद्भगवद्गीतामा स्वव्यवस्थापन**

पाठघण्टा १५०
पूर्णाङ्क १००
(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)
उत्तीर्णाङ्क ४०

## पाठ्यांशको उद्देश्य

- स्वव्यवस्थापन सम्बन्धी श्रीमद्भगवद्गीताका दार्शनिक दृष्टिकोणको परिज्ञान,
- मानिसलाई मानसिक तनावबाट मुक्त भई सहज जीवन यापनका लागि मार्गदर्शन,
- मानवीय सामाजिक जीवनलाई सन्तुलित र प्रभावकारी बनाउन सहयोग,

## पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | संज्ञानात्मक र भावनात्मक साधन | २० | ३० | |
| २. | मनमाथि नियन्त्रण | ४० | ६० | |
| ३. | कर्मबन्धनबाट मुक्ति | २० | ३० | |
| ४. | समर्पणद्वारा स्वव्यवस्थापन | २० | ३० | |

## शिक्षण विवरण

**एकाइ १ : संज्ञानात्मक र भावनात्मक साधन** **पूर्णाङ्क २० पा.घ. ३०**

| क. सं. | शिक्षण विवरण | गीताको सन्दर्भ | | श्लोकको आद्यन्तांश |
|---|---|---|---|---|
| | | अध्याय | श्लोक | |
| १. | आत्माबाट नै बुद्धि, मन र इन्द्रियमाथि नियन्त्रण | ३ | ३७-४३ | ३७. काम एष क्रोध एष ............ कामरूपं दुरासदम् ॥४३॥ |
| | | १५ | ७ | ममैवांशो जीवलोके ....... कर्षति ॥७॥ |
| २. | आत्माको भूमिका | १५ | ७, ९ | श्रोत्रं चक्षुः ..... विषयानुपसेवते ॥९॥ |
| ३. | मन प्रकृतिको उत्पादन | ७ | ४ | भूमिरापोऽनलः ..... प्रकृतिरष्टधा ॥४॥ |
| ४. | त्रिगुण र तिनको मनमाथि प्रभाव | १३ | ५,६ | महाभूतानि ............. उदाहृतम् ॥६॥ |
| | | १४ | ५-१८ | सत्त्वं रजः ............... तामसाः ॥१८॥ |
| | | २ | १३ | देहिनोऽस्मिन् ......... न मुह्यति ॥१३ |

## एकाइ २ : मनमाथि नियन्त्रण

पूर्णाङ्क ४०  पा.घ. ६०

| क्र.सं. | शिक्षण विवरण | गीताको सन्दर्भ | | श्लोकको आद्यन्तांश |
|---|---|---|---|---|
| | | अध्याय | श्लोक | |
| १. | भ्रम र सङ्घर्ष, सङ्घर्षको प्रकृति | १ | १ | धर्मक्षेत्रे ......... सञ्जय ॥१॥ |
| | | ४ | १६, १७ | किं कर्म ....... कर्मणो गतिः ॥१७॥ |
| | | १ | ४५ | अहो ! बत ....... स्वजनमुद्यताः ॥४५॥ |
| | | २ | ६ | न चैतद्विद्मः ......... प्रमुखे धार्तराष्ट्राः ॥६॥ |
| २. | अवलम्बन गर्नुपर्ने उपाय | | | |
| | उपेक्षा | २ | ४१ | व्यवसायात्मिका .........अव्यवसायिनाम् ॥४१॥ |
| | इन्द्रिय र मन | २ | ६०-६८ | यततो ह्यपि .......प्रज्ञा प्रतिष्ठिता ॥६८॥ |
| | रजोगुण | ३ | ३७-४३ | काम एष ........... दुरासदम् ॥४३॥ |
| | | १६ | २१ | त्रिविधं नरकस्य ...... त्यजेत् ॥२१॥ |
| | मनको दुर्बलता | २ | ३ | क्लैव्यं मा स्म ........ परन्तप ॥३॥ |
| | | ४ | ५ | बहूनि मे व्यतीतानि ...... परन्तप ॥५॥ |
| ३. | मनलाई नियन्त्रण गर्ने साधन | | | |
| | ध्यान (कठिनाइहरू) | ६ | ३४-३६ | चञ्चलं हि मनः ....... अवाप्तुमुपायतः ॥३६॥ |
| | प्रक्रिया | ६ | १०-१४ | योगी युञ्जीत .......... आसीत मत्परः ॥१४॥ |
| | सन्तुलित जीवन | ३ | ७, ८ | यस्त्विन्द्रियाणि ......... प्रसिद्ध्येदकर्मणः ॥८॥ |
| | | ६ | १६, १७ | नात्यश्नतस्तु ............. भवति दुःखहा ॥१७॥ |
| | आहार नियन्त्रण | १७ | ८-१० | आयुःसत्त्वबला ............. तामसप्रियम् ॥१०॥ |
| | शारीरिक र मानसिक अनुशासन | १७ | १४-१९ | देवद्विजगुरु ............... तत्तामसमुदाहृतम् ॥१९॥ |
| | | ६ | ३६ | असंयतात्मना .......... अवाप्तुमुपायतः ॥३६॥ |
| ४. | द्वन्द्व समाधानका साधन | | | |
| | ज्ञानको महत्त्व | २ | ५२ | यदा ते मोहकलिलम् ...... श्रुतस्य च ॥५२॥ |
| | | ४ | ३८,३९ | न हि ज्ञानेन ............... अधिगच्छति ॥३९॥ |
| | | ४ | ४२ | तस्मादज्ञानसम्भूतम् ........... भारत ॥४२॥ |
| | बुद्धिको स्पष्टता | १८ | ३०-३२ | प्रवृत्तिं च .................. पार्थ तामसी ॥३२॥ |
| ५. | निर्णय प्रक्रिया | | | |
| | शरणागति | १८ | ६१-६३ | ईश्वरः सर्वभूतानां ......... तथा कुरु ॥६३॥ |
| | इन्द्रियनिग्रह | २ | ५९-६५ | विषया विनिवर्तन्ते ......... पर्यवतिष्ठते ॥६५॥ |
| | कर्तृभावको समर्पण | ५ | ८,९ | नैव किञ्चित्करोमीति ....... इति धारयन् ॥९॥ |
| | इच्छा परित्याग | २ | ४८ | योगस्थः कुरु ................ योग उच्यते ॥४८॥ |
| | | | ५५ | प्रजहाति यदा .................. तदोच्यते ॥५५॥ |
| | आफूलाईभन्दा अरुलाई प्राथमिकता | ३ | २५-२७ | सक्ताः कर्माणि ...... कर्ताहमिति मन्यते ॥२७॥ |

एकाइ ३ कर्मबन्धनबाट मुक्ति पूर्णाङ्क २० पा.घ. ३०

| क्र. सं. | शिक्षण विवरण | गीताको सन्दर्भ | | श्लोकको आद्यन्तांश |
|---|---|---|---|---|
| | | अध्याय | श्लोक | |
| १. | इच्छा परित्यागबाट शान्ति | २ | ७१, ७२ | विहाय कामान् .... निर्वाणमृच्छति ॥७२॥ |
| २. | अकाम सङ्कल्पबाट सन्तुष्टि | ४ | १९ | यस्य सर्वे .......... पण्डिता बुधाः ॥१९॥ |
| ३. | अनासक्त भावले शान्ति | ५ | १०-१२ | ब्रह्मण्याधाय ................ निबध्यते ॥११॥ |
| | | ४ | २३ | गतसङ्गस्य मुक्तस्य ........ प्रविलीयते ॥२३॥ |
| ४. | पारस्परिक सद्भावले शान्ति | ३ | ११ | देवान्भावयतानेन ......... अवाप्स्यथ ॥११॥ |
| ५. | योगले कर्मबन्धनबाट मुक्ति | ६ | २-४ | यं संन्यासम् .............. तदोच्यते ॥४॥ |
| | | ६ | ७ | जितात्मनः .......... मानापमानयोः ॥७॥ |

एकाइ ४. समर्पणद्वारा स्वव्यवस्थापन पूर्णाङ्क २० पा.घ. ३०

| क्र. सं. | शिक्षण विवरण | गीताको सन्दर्भ | | श्लोकको आद्यन्तांश |
|---|---|---|---|---|
| | | अध्याय | श्लोक | |
| १. | अहङ्कारत्याग | २ | ७ | कार्पण्यदोषो ........... त्वां प्रपन्नम् ॥७॥ |
| | | ९ | २७ | यत्करोषि ............. मदर्पणम् ॥२७॥ |
| | | ८ | ७,८ | तस्मात्सर्वेषु .......... अनुचिन्तयन् ॥८॥ |
| | | ११ | ५५ | मत्कर्मकृत् ......... मामेति पाण्डव ॥५५॥ |
| | | २ | ४७ | कर्मण्येवाधिकारः ....... अकर्मणि ॥४७॥ |
| २. | अनावश्यक चियो चर्चा नगर्नु | ७ | २१ | यो यो ..................... विदधाम्यहम् ॥२१॥ |
| | | ४ | ११ | ये यथा माम् ......... पार्थ सर्वशः ॥११॥ |
| | | ९ | २६ | पत्रं पुष्पं फलम् ........ प्रयतात्मनः ॥२६॥ |
| ३. | नैतिक मूल्यलाई आत्मसात् गर्नु | १२ | ११ | अथैतदपि ................ यतात्मवान् ॥११॥ |
| | | १२ | १३-१९ | अद्वेष्टा ............... प्रियो नरः ॥१९॥ |

**पाठ्यग्रन्थ :** <u>श्रीमद्भगवद्गीता</u> (निर्धारित अंश मात्र)

## अनुशंसित ग्रन्थ


१. गुरुदत्त, **श्रीमद्भगवद्गीता**, सरल सुबोध भाषा भाष्य, भारती साहित्य सदन, नई दिल्ली, १९९७ ई.
२. गुरुदत्त, **श्रीमद्भगवद्गीता : एक अध्ययन**, शाश्वत संस्कृति परिषद्, नई दिल्ली, १९९५ ई.
३. राधाकृष्णन्, सर्वपल्ली, **भगवद्गीता**, हिन्द पाकेट बुक्स, दिल्ली, १९९९ ई.
४. समर्पणानन्द सरस्वती, **श्रीमद्भगवद्गीता, सामर्पण भाष्य**, आर्य समाज, मेरठ नगर, १९८२ ई.
५. मदनमोहन अग्रवाल, **श्रीमद्भगवद्गीता**, चौखम्बा संस्कृत प्रतिष्ठान, वाराणसी, १९९४ ई.
६. मधुसूदन सरस्वती, **श्रीमद्भगवद्गीता**, चौखम्बा, वाराणसी
७. बाल गङ्गाधर तिलक, **श्रीमद्भगवद्गीतारहस्य और कर्मयोगशास्त्र**, अपोलो प्रकाशन, दिल्ली, २००८ ई.
८. Sri Aurobindo, **Essays on the Gita**, Sri Aurobindo Ashram, Pondicherry, 1987.


●●●

## चतुर्थ वर्ष, प्रथम पत्र

**विषयसङ्केत (Code) : Skt.C- 426**

**पाठ्यांशशीर्षक (Course Title) : नेपालको संस्कृत साहित्य**

पाठघण्टा १५०

पूर्णाङ्क १००

(आन्तरिक परीक्षणाङ्क ३०, बाह्यपरीक्षणाङ्क ७०)

उत्तीर्णाङ्क ४०

### पाठ्यांशको उद्देश्य

- संस्कृत साहित्यको विशाल भण्डारमा नेपालको महत्त्वपूर्ण योगदानका प्रदर्शन,
- विभिन्न कालखण्डमा नेपालमा संस्कृत साहित्यको रचना प्रचुर मात्रामा भएको यथार्थको अवगाहन,
- स्वसंस्कृति संरक्षणका लागि संस्कृतको संवर्धन आवश्यक रहेको भाव सम्प्रेषण ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | नेपालका संस्कृत साहित्यकार र तिनको साहित्य | २० | ३० | |
| २. | कार्तवीर्योदय महाकाव्य | ३० | ४५ | |
| ३. | श्रीरामचरितामृतम् लघुकाव्य | २० | ३० | |
| ४. | मङ्गलग्रहः खखण्डकाव्य | २० | ३० | |
| ५. | गण्डकीगौरवम् | १० | १५ | |

### शिक्षण विवरण

**एकाइ १ : नेपालका संस्कृत साहित्यकार र तिनको साहित्य** पूर्णाङ्क २० पा.घ. ३०

- नेपालमा संस्कृत साहित्य रचना परम्पराको विहगावलोकन,
- नेपालका महाकवि र महाकाव्य,
- नेपालका संस्कृत खण्डकाव्य/गीतिकाव्य/स्तुतिकाव्य र तिनका रचनाकार,
- नेपालका संस्कृत नाट्यकृति र तिनका रचनाकार,
- साहित्यिक महत्त्व भएका अभिलेख र तिनका स्रष्टा,
- नेपालका अन्य फुटकर संस्कृत रचनाहरू र तिनका सर्जक,
- संस्कृत ग्रन्थहरूको भाष्य/टीका गर्ने नेपाली विद्वान्हरू

**एकाइ २ : कार्तवीर्योदय महाकाव्य** पूर्णाङ्क ३० पा.घ. ४५

- महाकवि सुकृतिदत्त पन्तको व्यक्तित्व, कृतित्व र काव्यप्रवृत्ति,
- संस्कृत वाङ्मयमा महाकवि सुकृतिदत्त पन्तको अवदान समीक्षा,
- कार्तवीर्योदय महाकाव्यको कथानक र महाकाव्यत्वको समीक्षा,
- 'कार्तवीर्योदय' महाकाव्यको पहिलो र अन्तिम (उन्नाइसौं) सर्गको अध्ययन : (वर्ण्य विषय, श्लोकार्थ, भाव र साहित्यिक समीक्षा)

**एकाइ ३ : श्रीरामचरितामृतम् लघुकाव्य** **पूर्णाङ्क २०** **पा.घ. ३०**

- दधिराम मरासिनीको व्यक्तित्व र कृतित्व
- संस्कृत साहित्यको श्रीवृद्धिमा दधिराम मरासिनीको अवदान समीक्षा,
- श्रीरामचरितामृतम् लघुकाव्यको विषय र काव्यत्व समीक्षा,
- श्रीरामचरितामृतम् लघुकाव्यको पहिलो र छैठौं सर्गको अध्ययन (श्लोकार्थ, व्याख्या, छन्दः र अलङ्कार प्रयोग, विषयसमीक्षा )।

**एकाइ ४ : मङ्गलग्रहः खखण्डकाव्य** **पूर्णाङ्क २०** **पा.घ. ३०**

- टीकाराम पन्थीको व्यक्तित्व र कृतित्व,
- संस्कृत भाषा र साहित्यको श्रीवृद्धिमा टीकाराम पन्थीको अवदान समीक्षा,
- 'मङ्गलग्रहः' खखण्डकाव्यको विषयसमीक्षा,
- 'मङ्गलग्रहः' खखण्डकाव्यको प्रथम रुचिको गहन अध्ययन (श्लोकार्थ, व्याख्या, छन्दः र अलङ्कार प्रयोग, विषय समीक्षा) ।

**एकाइ ५ : गण्डकी गौरवम् स्तुतिकाव्य** **पूर्णाङ्क १०** **पा.घ. १५**

- कवि उमाकान्त पन्थीको व्यक्तित्व र कृतित्व,
- संस्कृत भाषा र साहित्यको श्रीवृद्धिमा कवि उमाकान्त पन्थीको अवदान समीक्षा,
- गण्डकी गौरवम् स्तुतिकाव्यको समीक्षा,
- 'गण्डकी गौरवम्' स्तुतिकाव्यको प्रारम्भिक ४० (१-४०) श्लोकको गहन अध्ययन (श्लोकार्थ, व्याख्या, छन्दः, अलङ्कार, रस, दोष, विषय समीक्षा आदि) ।

## पाठ्यग्रन्थ

१. सुकृतिदत्त पन्त, कार्तवीर्योदय (सर्ग १ र १९ मात्र)
२. दधिराम मरासिनी, श्रीरामचरितामृतम् (सर्ग १ र ६ मात्र)
३. टीकाराम पन्थी, मङ्गलग्रहः (प्रथम रुचि मात्र)
४. उमाकान्त पन्थी, गण्डकीगौरवम् (श्लोक १ देखि ४० सम्म मात्र)

## अनुशंसित ग्रन्थ


१. सुवेदी, हंसपुरे, संस्कृत वाङ्मय : संक्षिप्त अध्ययन, पाठ्यक्रम विकास केन्द्र, त्रि.वि., वि. सं. २०३७
२. पण्डित भगवद्दत्त, वैदिक वाङ्मयका इतिहास, रामलाल कपूर ट्रस्ट, अमृतसर, वि. सं. २०१३.
३. त्रिवेदी, पं. रामगोविन्द, वैदिक साहित्य, भारतीय ज्ञानपीठ, काशी, १९५० ई.
४. उपाध्याय, बलदेव, वैदिक साहित्य और संस्कृति, शारदा संस्थान, वाराणसी, २०१० ई.
५. डा. कर्णसिंह, वैदिक साहित्यका इतिहास, साहित्य भण्डार, सुभाष बजार, मेरठ, १९८६-८७ ई.
६. उपाध्याय, बलदेव, संस्कृत साहित्यका इतिहास, शारदा संस्थान, वाराणसी
७. उपाध्याय, रामजी, संस्कृत साहित्यका आलोचनात्मक इतिहास, चौखम्बा विद्याभवन, वाराणसी
८. त्रिपाठी, डा. रामसागर, संस्कृत साहित्य का इतिहास, चौखम्बा संस्कृत प्रतिष्ठान, दिल्ली, १९९१ ई.
९. शर्मा, सोमनाथ, साहित्यप्रदीप, साझा प्रकाशन, काठमाडौं
१०. उपाध्याय, डा. केशवप्रसाद, पूर्वीय साहित्यसिद्धान्त, साझा प्रकाशन, काठमाडौं, २०४८
११. अधिकारी, हेमाङ्गराज, पूर्वीय समालोचना सिद्धान्त, साझा प्रकाशन, काठमाडौं ।


●●●

## चतुर्थ वर्ष, द्वितीय पत्र (१)

विषयसङ्केत (Code) : Skt.C- $427_A$

पाठ्यांशशीर्षक (Course Title) : शोधविधि

पाठघण्टा ४५
पूर्णाङ्क ३०
उत्तीर्णाङ्क १२

### पाठ्यांशको उद्देश्य

- शोधसम्बन्धी सैद्धान्तिक र व्यावहारिक ज्ञान दिनु,
- शोधकार्यमा रुचि प्रवर्धन गर्नु,
- लघु शोध प्रबन्ध हुँदै उच्चस्तरीय शोधकार्यतिर प्रवृत्ति उन्मुख गराउनु ।

### पाठ्यांशको एकाइ विभाजन

| एकाइ | एकाइ शीर्षक | पूर्णाङ्क | पाठघण्टा | |
|---|---|---|---|---|
| १. | शोधसम्बन्धी प्रारम्भिक कार्य | १० | १५ | |
| २. | सामग्री सङ्कलन, विश्लेषण, व्यवस्थापन | १० | १५ | |
| ३. | शोधप्रतिवेदनको स्वरूप र प्रस्तुति | १० | १५ | |

### शिक्षण विवरण

**एकाइ १ : शोधसम्बन्धी प्रारम्भिक कार्य** पूर्णाङ्क १० पा.घ. १५

- शोध र अनुसन्धान शब्दको अर्थ,
- शोधको परिभाषा, महत्त्व, प्रयोजन र बैशिष्ट्य,
- शोधप्रक्रिया, क्षेत्र चयन, विषय चयन, सीमाङ्कन,
- शोधप्रस्ताव र त्यसका अङ्गहरू,
- शोधप्रस्ताव प्रस्तुति र शोधप्रस्ताव प्रति शोधार्थीको प्रतिरक्षा ।

**एकाइ २ : सामग्री सङ्कलन/विश्लेषण** पूर्णाङ्क १० पा.घ. १५

- सामग्री सङ्कलनका बिधिहरू (पत्रविधि, टिप्पणीविधि, पुस्तकालयप्रयोग, सर्वेक्षण, अन्तर्वार्ता आदि) ।
- सङ्कलित सामग्रीको शोधन, विश्लेषण, सामान्यीकरण र व्यवस्थापन,
- व्यवस्थापन गरिएको सामग्रीलाई शोधप्रतिवेदनका रूपमा संयोजन,

**एकाइ ३ : शोधप्रतिवेदन** **पूर्णाङ्क १०** **पा.घ. १५**

- शोधप्रतिवेदनको साङ्गठनिक स्वरूप, शोधप्रतिवेदनको मुख्य भाग, अध्यायविभाजन, शीर्षक/उपशीर्षक व्यवस्थापन,
- पादटिप्पणी, पादटिप्पणीको अन्तारािष्ट्रय स्वरूप
- शोधप्रतिवेदनको अन्त्यभाग, परिशिष्ट, अनुसूची, सन्दर्भ ग्रन्थ सूची आदि
- शोधप्रतिवेदन टङ्कण, अशुद्धिशोधन, बाइन्डिङ, प्रस्तुति ।

## अनुशंसित ग्रन्थ


१. बन्धु, चूडामणि, **अनुसन्धान तथा प्रतिवेदन लेखन**, रत्न पुस्तक भण्डार, काठमाडौं

२. शर्मा, मोहनराज एवं खगेन्द्रप्रसाद लुइँटेल, **शोधविधि**, साझा प्रकाशन, ललितपुर

३. पौडेल, डा. भूपहरि, **शोध र सिर्जना सिद्धान्त**, विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं

४. शर्मा, विनयमोहन, **शोधप्रविधि**, नेशनल पब्लिशिङ हाउस, दिल्ली

५. त्रिपाठी, भगीरथप्रसाद, अनुसन्धानपद्धति, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी

६. सिंह, सरनाम, **शोधप्रक्रिया**, चौखम्बा विद्याभवन, वाराणसी

७. सिंह, साबित्री, **अनुसन्धान का स्वरूप**, चौखम्बा विद्याभवन, वाराणसी

८. दाहाल, डा. पेशल एवं सोमप्रसाद खतिवडा, **अनुसन्धान पद्धति**, एम्. के. पब्लिशर्स, भोटाहिटी, काठमाडौं

९. शिवाकोटी, डा. गोपाल, **अनुसन्धान पद्धति र प्रतिवेदन लेखन**, पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं

१०. Jnawali, Damodar, **Research : Principles and techniques**, Manakamana books, Kathmandu.


●●●

संस्कृत केन्द्रीय विभाग
कीर्तिपुर

प्राज्ञिक परिषद्को कार्यालय
कीर्तिपुर

मानविकी तथा सामाजिक शास्त्र संकायको डिनको कार्यालय
त्रि. वि., कीर्तिपुर

## चतुर्थ वर्ष, द्वितीय पत्र (२)

**विषयसङ्केत (Code) : Skt.C- 427$_{B1}$**

**पाठ्यांशशीर्षक (Course Title) : लघुशोधप्रबन्ध**

पाठघण्टा १०५
पूर्णाङ्क ७०

### पाठ्यांशको उद्देश्य

- लघुशोध प्रबन्धका माध्यमले संस्कृत भाषाको विभिन्न क्षेत्रका अप्रकटित ज्ञानराशिको प्रकटीकरण,
- समाजमा अनुद्घाटित तथ्यको समुद्घाटन,
- विभिन्न संस्थाद्वारा सञ्चालित अनुसन्धान परियोजनाहरूमा सहभागी बन्न सक्ने विशिष्ट प्रतिभाको विकास,
- प्रयोगमूलक ज्ञान र अनुभवद्वारा उच्चतर स्तरमा शोधकार्य गर्नका लागि सहजीकरण ।

### पाठ्यांशविवरण

एकाइ १. शोधक्षेत्र, शोधशीर्षक र शोधप्रस्ताव

एकाइ २. सामग्री सङ्कलन, विश्लेषण, व्यवस्थापन

एकाइ ३. शोधपत्र लेखन, परिमार्जन, टङ्कण, प्रस्तुति

### शिक्षण/कार्य विवरण

**१. शोधक्षेत्र, शोधशीर्षक र शोधप्रस्ताव** (विषयचयन र प्रारम्भिक अध्ययनका सन्दर्भमा)

- संस्कृत वाङ्मयको साहित्यिक, शास्त्रीय, सामाजिक आदि कुनै एक क्षेत्रको चयन गर्ने,
- अनुसन्धेय विषयक्षेत्रको प्रारम्भिक अध्ययन गर्ने,
- सम्बन्धित विभागसँग समन्वय गरी विषय क्षेत्रको निर्धारण गर्ने,
- सम्बद्ध विभागबाट निर्धारित विषयसूचीबाट अथवा आफैले प्रस्ताव गरी विभागबाट स्वीकृति प्राप्त गरिएको कुनै शीर्षक लिने,
- प्रारम्भिक रूपरेखा र विवरणका आधारमा शोधप्रस्ताव तयार पार्ने, शोधप्रस्तावमा निम्नलिखित बुँदा अनिवार्य रूपमा समावेश गर्ने :
  - सम्बद्ध शीर्षकमा शोधकार्य गर्नाको औचित्य,
  - पूर्वकार्य समीक्षा : त्यस विषयमा पहिले भएका कार्यको विवरण,
  - समस्याकथन र प्राक्कल्पना,
  - शोधकार्यको प्रारम्भिक रूपरेखा,
  - शोधकार्य गर्दा अपनाइने विधिहरूको उल्लेख
  - आवश्यकता अनुसार सम्बद्ध विभागमा आफ्नो शोधप्रस्तावको प्रतिरक्षाका लागि तत्पर रहने
  - विभागबाट निर्देश भएअनुसार शोधप्रस्ताव परिमार्जन गरी शोधकार्य गर्न तत्पर हुने ।
- शोधकार्य गर्न स्वीकृति तथा शोधनिर्देशकको नियुक्ति ।

## एकाइ २ : सामग्री सङ्कलन, विश्लेषण, व्यवस्थापन

- सामग्री सङ्कलनका लागि विभिन्न विधिहरूको अवलम्बन गर्ने,

  (जस्तै : पत्रविधि, टिप्पणीविधि, पुस्तकालयप्रयोग, सर्वेक्षण, अन्तर्वार्ता आदि) ।
- शोधपत्र तयार पार्ने क्रममा सामग्रीसङ्कलन, अध्ययन, विश्लेषण, पुस्तकालयकार्य आदि सबै कार्य शोधनिर्देशकको निर्देशनअनुसार गर्ने,
- सङ्कलित सामग्रीको शोधन, विश्लेषण, सामान्यीकरण र व्यवस्थापन,

## एकाइ ३. शोधपत्र लेखन, परिमार्जन, टङ्कण, प्रस्तुति

- व्यवस्थापन गरिएको सामग्रीलाई शोधप्रतिवेदनका रूपमा संयोजन गर्ने,
- प्रारम्भिक लेखन र निर्देशकको परामर्शअनुसार परिष्कार र परिमार्जन गरी अन्तिम रूप दिने,
- टङ्कण, संशोधन, मुद्रण, गाताबन्दी गरी सम्बद्ध विभागमा बुझाउने ।

## ज्ञातव्य

१. विद्यार्थीले विभागीय स्वीकृतिअनुसार निर्धारित विषयशीर्षकमा नाम दर्ता गराई तोकिएका शिक्षकको निर्देशनमा शोधकार्य गर्नुपर्नेछ ।

२. शोधपत्र संस्कृत भाषाको विषयक्षेत्रभित्रको शीर्षकमा केन्द्रित हुनुपर्दछ

३. शोधकार्य शोधसम्बन्धी प्रविधिको पालन गर्दै सम्बद्ध विषयमा मौलिक चिन्तन, विवेचना र/वा विश्लेषण भएको हुनुपर्दछ ।

४. शुद्ध टङ्कण गरी मुद्रण र गाताबन्दी गरिएको शोधपत्र तोकिएको सङ्ख्यामा तोकिएको शुल्कका साथ बुझाउनुपर्दछ ।

५. शोधपत्रको मूल्याङ्कनपछि सम्बद्ध शोधपत्रगत विषयवस्तुका आधारमा मौखिक परीक्षा हुन्छ ।

●●●

केन्द्रीय विभाग कीर्तिपुर

प्राविधिक परीक्षा कार्यालय कीर्तिपुर

## चतुर्थ वर्ष, द्वितीय पत्र (२)

**विषयसङ्केत (Code) : Skt.C- $427_{B2}$**

**पाठ्यांशशीर्षक (Course Title) : लघु काव्य/कवितासङ्ग्रह लेखन**

पाठघण्टा १०५
पूर्णाङ्क ७०

## पाठ्यांशको उद्देश्य

- विद्यार्थीमा कवितालेखन शिल्पको प्रवर्धन,
- कविताका माध्यमले संस्कृत वाङ्मयको श्रीवृद्धि,
- विद्यार्थीमा सृजनात्मक प्रतिभाको विकास,
- संस्कृत काव्य रचना प्रक्रियाको जीवन्तता ।

## पाठ्यांशविवरण

१. विधागत सैद्धान्तिक परिचय, ऐतिहासिक अध्ययन,
२. विधागत समीक्षा,
३. शीर्षक चयन, लिखित प्रस्ताव,
४. स्वीकृति, निर्देशकको नियुक्ति, कार्यारम्भ,
५. कृतिलेखन, प्रारम्भिक स्वरूप, निर्देशकको परामर्शअनुसार परिमार्जन,
६. अन्तिम लेखन, टङ्कण, प्रस्तुति ।

## ज्ञातव्य

- कृतिलेखनका लागि सम्बद्ध विभागबाट स्वीकृति लिई निर्देशकको निर्देशनमा कार्य गर्नुपर्दछ ।
- कृति दुई खण्डमा विभाजित हुनुपर्नेछ । पहिलो खण्डमा विधागत सैद्धान्तिक परिचय र समीक्षा रहनुपर्दछ भने दोस्रो खण्डमा स्वरचित मौलिक लघुकाव्य वा कवितासङ्ग्रह रहनुपर्दछ ।
- विधागत सैद्धान्तिक खण्डका लागि पूर्णाङ्क २० र मौलिक कृतिका लागि पूर्णाङ्क ५० रहेको छ ।
- विधागत सैद्धान्तिक परिचयात्मक खण्ड लगभग २० पृष्ठ जति हुनुपर्दछ ।
- लघुकाव्य न्यूनतम ५० श्लोकयुक्त अथवा कवितासङ्ग्रह भएमा प्रत्येक कवितामा न्यूनतम ६० पंक्ति भएको न्यूनतम पाँचवटा कविता सम्मिलित हुनुपर्दछ ।
- लघुकाव्य भएमा त्यसको एउटा उपयुक्त शीर्षक आवश्यक मानिनेछ भने कवितासङ्ग्रह भएमा कवितासङ्ग्रहमा समाविष्ट प्रत्येक कविताको पृथक् शीर्षक हुनुपर्दछ ।
- सैद्धान्तिक समीक्षा र लघुकाव्य/कवितासङ्ग्रह सम्मिलित ग्रन्थका निर्धारित प्रति निर्देशकको सिफारिस सहित मूल्याङ्कनका लागि सम्बद्ध विभागमा नियमानुसार निर्धारित शुल्कसहित बुझाउनुपर्दछ ।
- विधागत समीक्षा र कृतिको मूल्याङ्कनपछि प्रस्तुत गरिएको ग्रन्थका आधारमा मौखिक परीक्षा हुनेछ ।

●●●

# चतुर्थ वर्ष, द्वितीय पत्र (२)

**विषयसङ्केत (Code) : Skt.C- 427$_{B3}$**

**पाठ्यांशशीर्षक (Course Title) : कथासङ्ग्रह लेखन**

पाठघण्टा १०५
पूर्णाङ्क ७०

## पाठ्यांशको उद्देश्य

- विद्यार्थीमा कथालेखन शिल्पको प्रवर्धन,
- कथाका माध्यमले संस्कृत वाङ्मयको श्रीवृद्धि,
- विद्यार्थीमा सृजनात्मक प्रतिभाको विकास,
- संस्कृत कथा रचना प्रक्रियाको जीवन्तता ।

## पाठ्यांशविवरण

१. विधागत सैद्धान्तिक परिचय, ऐतिहासिक अध्ययन,
२. विधागत समीक्षा,
३. शीर्षक चयन, लिखित प्रस्ताव,
४. स्वीकृति, निर्देशकको नियुक्ति, कार्यारम्भ,
५. कथालेखन, प्रारम्भिक स्वरूप, निर्देशकको परामर्शअनुसार परिमार्जन,
६. अन्तिम लेखन, टङ्कण, प्रस्तुति ।

## ज्ञातव्य

- कथालेखनका लागि सम्बद्ध विभागबाट स्वीकृति लिई निर्देशकको निर्देशनमा कार्य गर्नुपर्दछ ।
- कृति दुई खण्डमा विभाजित हुनुपर्नेछ । पहिलो खण्डमा विधागत सैद्धान्तिक परिचय र समीक्षा रहनुपर्दछ भने दोस्रो खण्डमा स्वरचित मौलिक कथासङ्ग्रह रहनुपर्दछ ।
- विधागत सैद्धान्तिक खण्डका लागि पूर्णाङ्क २० र मौलिक कृतिका लागि पूर्णाङ्क ५० रहेको छ ।
- विधागत सैद्धान्तिक परिचयात्मक खण्ड लगभग २० पृष्ठ जति हुनुपर्दछ ।
- कथासङ्ग्रहमा न्यूनतम पाँचवटा कथा सम्मिलित हुनुपर्दछ र प्रत्येक कथा न्यूनतम १००० शब्दको हुनुपर्दछ ।
- कथासङ्ग्रहमा समाविष्ट प्रत्येक कथाको पृथक् शीर्षक हुनुपर्दछ ।
- सैद्धान्तिक समीक्षा र कथासङ्ग्रह सम्मिलित ग्रन्थका निर्धारित प्रति निर्देशकको सिफारिस र निर्धारित शुल्कसहित मूल्याङ्कनका लागि सम्बद्ध विभागमा नियमानुसार बुझाउनुपर्दछ ।
- विधागत समीक्षा र कृतिको मूल्याङ्कनपछि प्रस्तुत गरिएको ग्रन्थका आधारमा मौखिक परीक्षा हुनेछ ।

●●●

## चतुर्थ वर्ष, द्वितीय पत्र (२)

**विषयसङ्केत (Code) : Skt.C- $427_{B4}$**

**पाठ्यांशशीर्षक (Course Title) : अनुवाद**

पाठघण्टा १०५
पूर्णाङ्क ७०

## पाठ्यांशको उद्देश्य

- एकभन्दा बढी भाषा जान्ने विद्यार्थीलाई अन्य भाषाका कृति संस्कृतमा अनुवाद गर्न प्रोत्साहन,
- अनुवादसम्बन्धी सिद्धान्तलाई व्यवहारमा रूपान्तरणप्रवृत्तिको विकास,
- अन्य भाषामा उपलब्ध उत्कृष्ट रचनाबाट संस्कृत भाषाको समृद्धि,
- अनुवादका माध्यमले संस्कृत भाषासाहित्यको श्रीवृद्धिमा योगदान ।

## पाठ्यांशविवरण

१. कृतिको चयन, लिखित प्रस्ताव,
२. विधागत सैद्धान्तिक परिचय, ऐतिहासिक अध्ययन,
३. विधागत समीक्षा,
४. मूलभाषागत कृतिको वैशिष्ट्य र अनुवादबाट लाभ प्रतिपादन,
५. अनुवाद प्रस्ताव प्रस्तुति, स्वीकृति, निर्देशकको नियुक्ति, कार्यारम्भ,
६. अनुवादलेखन, प्रारम्भिक स्वरूप, निर्देशकको परामर्शानुसार परिमार्जन,
७. कथालेखन, प्रारम्भिक स्वरूप, निर्देशकको परामर्शअनुसार परिमार्जन,
८. अन्तिम लेखन, टङ्कण, प्रस्तुति ।

## ज्ञातव्य

- अनुवादलेखनका लागि सम्बद्ध विभागबाट स्वीकृति लिई निर्देशकको निर्देशनमा कार्य गर्नुपर्दछ ।
- अनूदित कृति दुई खण्डमा विभाजित हुनुपर्दछ । पहिलो खण्डमा विधागत सैद्धान्तिक परिचय र समीक्षा रहनुपर्दछ भने दोस्रो खण्डमा अनूदित कृति रहनुपर्दछ ।
- विधागत सैद्धान्तिक खण्डका लागि पूर्णाङ्क २० र अनूदित कृतिका लागि पूर्णाङ्क ५० रहेको छ ।
- विधागत सैद्धान्तिक परिचयात्मक खण्ड लगभग २० पृष्ठ जति हुनुपर्दछ ।
- यस अन्तर्गत नेपाली, मैथिली, हिन्दी र अङ्ग्रेजी मध्ये कुनै एक भाषामा रचित स्तरीय साहित्यिक कृति (खण्डकाव्य, लघु उपन्यास, कवितासङ्ग्रह, निबन्धसङ्ग्रह, कथासङ्ग्रह, लघु नाटक आदिमध्ये कुनै एक)को संस्कृतमा अनुवाद गर्नुपर्दछ ।
- अन्य भाषाको कृतिको अनुवाद संस्कृत भाषामा गरिनुपर्दछ । यस अन्तर्गत संस्कृत भाषाको कृति अन्य भाषामा अनुवाद गर्ने कार्य मान्य हुँदैन ।

- संस्कृतमा अनुवाद गरिने कृति अन्य भाषामा अनूदित भए पनि हालसम्म संस्कृतमा अनुवाद नभएको हुनुपर्दछ ।
- तोकिएको निर्देशकको निर्देशनमा रही अनुवाद कार्य गर्नुपर्दछ ।
- अनुवाद गद्यको गद्यमा र पद्यकोपद्यमा नै हुनुपर्दछ । तर शास्त्रीय छन्दमा रचित कृतिको शास्त्रीय छन्दमा नै अनुवाद गर्दा समच्छन्दको बाध्यता हुनेछैन, भिन्न छन्दमा अनुवाद गर्न सकिनेछ ।
- शुद्ध, परिष्कृत संस्कृतमा अनूदित कृतिको निर्धारित प्रति टङ्कण, मुद्रण र गाताबन्दी गरी निर्देशकको सिफारिस र नियमानुसार शुल्क सहित सम्बद्ध विभागमा बुझाउनुपर्दछ ।
- कृतिको मूल्याङ्कनपछि मौखिक परीक्षा हुनेछ ।

## अनुशंसित ग्रन्थ


१. बोरा, राजमल, **अनुवाद क्या है**, वाणी प्रकाशन, नई दिल्ली, २००४ ई.

२. डा. सुरेशकुमार, **अनुवाद सिद्धान्त की रूपरेखा**, वाणी प्रकाशन, नई दिल्ली, १९९६ ई.

३. पालीवाल, रीतारानी, **अनुवाद प्रक्रिया एवं परिदृश्य**, वाणी प्रकाशन, नई दिल्ली, २००४ ई.

४. डा. आरसु, **साहित्यानुवाद : संवाद और संवेदना**, वाणी प्रकाशन, नई दिल्ली, १९९६ ई.

५. रावत, चन्द्रभान तथा दिलीप सिंह, **अनुवाद : अवधारणा और अनुप्रयोग**, नेशनल पब्लिशिंग हाउस, नई दिल्ली

६. श्रीवास्तव, रवीन्द्रनाथ तथा कृष्णकुमार, **अनुवाद : सिद्धान्त और समस्याएँ**, आलेख प्रकाशन, दिल्ली

७. विल्स, वोल्फ्रम, **द साइन्स अफ ट्रान्सलेशन : प्रोब्लम्स एण्ड मेथड्स**, गुन्टेर नार भर्लेग, टुबिन्गेन

८. गौतम, डा. नारायणप्रसाद (अनु.), **विष्णुसहस्रनामस्तोत्रविवृतिः**, पशुपति वंशीराम मण्डप, नेपाल, २०६६ वि.


●●●